CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर ब्रह्म
र
[सा]क्षात्कार

(लेख संग्रह)

लेखक

मुकुन्द प्रसाद घिमिरे

[मू]ल्य १।–[अग्निश्वर शिवालयलाई भेटी (याचना)]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक :- श्री अग्निधर घिमिरे
लक्ष्मी सडक, धरान

लेखक :—
मुकुन्द प्रसाद घिमिरे
लक्ष्मी सडक, धरान

(सर्वाधिकार लेखकमा सुरक्षित)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदान्त - १५२१

विषय–सूचि

विषय	पृष्ठ
१. ॐकार—	—१
२. योग र योग साधनका क्रियाहरु—	—११
३. पर ब्रह्म एवं साक्षात्कार—	—३८
४. आत्मा एवं परमात्मा—	—६५
५. भगवद् भक्तिमा मूर्तिपूजा—	—७५
६. आध्यात्मवाद एवं भौतिकवाद—	—८४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
द. नं. 6082

लेखकको भनाई

जानेर होइन, जान्ने इच्छाले हेरेका २१४ किताबको आधारमा मैले थाहा पाए जाने बुझें सम्म परब्रह्म परमेश्वरको वारेमा केही प्रकाश पार्ने इच्छाले यो लेख संग्रह लेखी पाठक बृन्द समक्ष ल्याएको छु। नजानी कन जान्ने भएर बोल्छौं, न जान्नु भन्दा जानेर बोल्नु राम्रो हो। यो लेख संग सबै पाठक सहमत नहुनु होला, तर याहाँ मेरी खास मौलिकता केही छैन। धर्मशास्त्रको अनभिज्ञले बुझे सम्म आफ्नो भाषामा लेखेको मात्र हुँ।

यो लेख लेख्ने र प्रकाश गर्ने खास केही कारणहरू छन— आधुनिक भौतिकवादी युवक सरहकै विचारधारा म स्वय राख्त थे मलाई धर्म मान्दा, मठ मन्दिरमा दर्शनगर्दा कसैले देख्ला, अ-प्रगतिशील गनिएला भन्ने धारणाको साथै भौतिक क्षणिक सुखको ज्यादै लोभी थिएँ। तर केही वर्ष पहिले भारत र फिलिपिन्स का केही प्रान्तहरूको भ्रमण गर्नो र त्यहाका उच्च पदस्थ, विद्वान हरूसंग भेटने सौभाग्य प्राप्त भयो। त्यहा मैले देखें पढे लेखेका सबै धर्मावलम्बी मुसलमान, इसाई, हिन्दूले आ-आफ्नो विश्वास अनुसार धर्म मान्दा रहेछन। गिर्जा, मठ, मन्दिर, मसजिद, गुरुद्वारमा सबै जाँदा रहेछन। तिनीहरू अप्रगतिशील नहुने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो नेपाल युवक अनभिज्ञतामानी नजांदा, धर्म सम्बन्धमा उच्छि खल बोल्दा वा गर्दा प्रगतिशील हुने ? यही विद्रोही भावनाले मलाई कट्टर अतस्तिर बनायो र धर्म वारे जाग्ने जिज्ञासा पैदा गरायो ।

संस्कृत भाषाको अनभिज्ञ हुदा नेपाली, हिन्दीका टीका र किताबको अध्यानवाट जानेका बुझेका कुरा म जस्तै अनभिज्ञ र द्विविधामा परेका युवक समुदायलाई काम लाग्ला भन्ने सोचेर यो पुस्तक प्रकाशित गरेको छु ।

लेख तैयार भएको ५ वर्ष पछि मात्र प्रकाशमा आएकोछ । यसको खास कारण अनुकूल न मिल्नुने हो । यो लेख तैयार पार्दा उध्रित गरीएका पुस्तकका लेखकहरू प्रति आभार व्यक्त गर्दछु । प्रुफ हेर्रि दिने श्री लीला सिंह कर्मा र कर्मयुग सिंधुलीका सम्पादक श्रीकृष्ण हरि वराललाई कृतज्ञता ज्ञान गर्दै यो छाप्ने प्रेस मालिक श्री श्याम गिरीलाई छिटो र शुद्ध छपाईकोलागि धन्यवाद दिन्छु ।

यो किताबको मूल्य द्वारा अर्थात सबै साथीहरूको सहयोगमा अग्निश्वर शिवालय वनाउन थालेका छौं । यसको मूल्य वापत प्राप्त रू० पुस्तक छपाईको खर्च कटाएर बाँकि रकम त्यसैको निर्माण कार्यमा लगाइने छ । अतः सबै दाता संघ यथोचित सहयोगको लागी हार्दिक कामना गर्दछु ।

सिन्धुली —मुकुन्द प्रसाद घिमिरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री गणेशाय नमः

ॐकार

ॐकारको बारेमा मनन, ध्यान, विवेचना एवं व्याख्या गरेको देखिन्छ। भाषा शास्त्रीहरूले शाब्दिक विश्लेषण गर्दा ॐकारलाई एक शब्द समुहको एकाक्षरात्मक रूपमा मानेको पाइएको छ भने आध्यात्मिक दृष्टिबाट धार्मिक रूपमा मानिएको छ। ॐकारलाई धार्मिक रूपमा शब्दको हैसियतले मात्र स्वीकार गरेको होइन कि ईश्वरीय रूपमा पनि स्वीकार गरेको पाईन्छ। सामान्य धार्मिक विचारधारा राखेका व्यक्तिले ॐकारलाई पवित्र शब्दाक्षरको रूपमा मानेका छन भने साधु, महात्मा, तत्ववेत्ता एव वेदान्तीहरूले परब्रह्म परमेश्वरको एकात्मक रूपमा मानेका छन। कसैले भगवानको नामको रूपमा जपेको पनि पाइन्छ।

ब्रह्मा, विष्णु, महेश, राम, कृष्ण आदि देवको पूजा हुन्छ भने शक्तिको रूपमा विभिन्न देवी-भगवती, कालीको पूजा आपना आफ्ना कुला-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चार विधि अनुसार गर्दछन्। आफ्ना इष्टदेवको तुलनामा अन्य-देव गौण रूपमा मान्दछन। यसरी भगवानमा ठूलो-सानु, मुख्य, गौण आदि मत मतान्तर राखेको प्रत्येक धर्मावलम्बीमा पाइन्छ। एक धर्मावलम्बीले अर्कालाई होच्याउने कारण वाट धर्मको कारण वाट ठूला ठूला लडाई, झगडा, साम्प्रदायीक दंगा भएको इति-हासमा पाइन्छ। सनातन धर्म भित्रै विभिन्न शास्त्रले एकको व्याख्यामा अरू देव देवी गौण ठह्रयाई उक्ती सहित वर्णन गरेको पाइन्छ। सनातन धर्मको निचोडमा भिन्नता छैन एकै रूपका विभिन्न नाम र व्याख्या टिकाकारवाट समयको क्रममा मतमता-न्तर हुँदै आएको बुझिन्छ, तापनि प्रचलनमा एकेश्वरवाद नबुझ्ने-को दृष्टिमा भिन्नता विद्यमान संसार भरमा छदैछ। सनातनधर्म भित्र प्रचलनमा ल्याईएका जुनसुकै मतले पनि ॐकारलाई स्वी-कार गरी यथोक्त मन्त्र जपने, भन्ने गर्दछन। यसरी ॐकारलाई शुभ शव्द वा ॐकार विना मन्त्रको अपूर्णता मान्दै ॐकारलाई सनातन सबै धर्मावलम्वीहरूले स्वीकार गरेको पाइन्छ। यस स्वीकार-मा सबैको एक रूपता भएको भने पाइदैन। ॐकारलाई कसैले पर ब्रह्मको नाम, कसैले रूप मानेका छन भने कसैले पवित्र मन्त्र बानी जपनागरेका छन। अद्वैत-पर ब्रह्म परमेश्वर मानेर अन्य मन्त्र वा रूपको अराधना एवं जप नगरी केवल ॐकारको मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जप एव चिन्तन गरेको पाइन्छ । अतः यहां ॐकारलाई कही पर-ब्रह्मको नाम र कही रूपमा स्वीकार गरेको हुंदा ॐकार वारे यथा सक्य प्रकाश पार्ने प्रयत्न गरिनु आवश्यक ठान्दछु ।

ॐकार अ+उ+म वाट वनेको देखिन्छ । अ+उ+म क्रमैले सत्व, रज, तम गुण प्रधान अक्षर मानिन्छन । 'अ' को उच्चारण विना अन्य अक्षर को उच्चारण नहुने हुँदा 'अ' लाई वर्णको पहिलो अक्षर मानिन्छ । 'अ' को उच्चारणको लागि अन्य अक्षर-को सहायता लिनु नपर्ने र अन्य अक्षर लाई 'अ' को आवश्यकता पर्ने हुदा 'अ' कार आफू आफैमा पूर्ण भएको सिद्ध हुन्छ । त्यस कारण 'अ' कारलाई श्रेष्ट वर्ण मानिएको छ । आफू आफैमा पूर्ण एवं श्रेष्ट हुंदा 'अ' कारलाई सत्व गुण प्रधान वा श्रेष्ट गुण वाला मानिन्छ । संसारका यावत वस्तुहरू सत्व, रज, तम गुण प्रधान मानिएका छन । यद्यपि एक गुण अर्को गुणमा आधारित हुन्छ र एक गुण विना अर्को गुण वन्न र रहने सक्तैन तापनि सत्व गुणलाई श्रेष्ट गुण मानिन्छ । आध्यात्मिक वा भौतिक श्रेष्ठ वस्तु वा तत्वलाई सत्व गुण प्रधान मानिन्छ । सत्व गुण श्रेष्ठ हुँदा 'अ' कारलाई सत्वगुण प्रधान मानिएको छ । सत्व र तम गुणवाट रज गुण अविवृद्धि भएको र सत्वगुणको गौणको रूपमा रजगुण मानिएको छ । सत्व र रजवाट तमगुण उत्पन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मैभएको सिद्ध गरिएको छ। अ + उ संयुक्त गरी 'म' को क्रले हलन्त गरी ॐकार बनेको हो। अतः अ + उ + म बाट ॐकार बनेको प्रष्ट हुन्छ।

सृष्टि भन्दा पहिले सत् वस्तु चिदामा सभा मात्र थियो। दिन, रात, सूर्य चन्द्र अन्य ग्रह नक्षत्र केही व्यक्त रूपमा थिएनन। सम्पूर्ण सृष्टि भन्दा पहिले केही नहुंदा यो ब्रह्माण्ड नभएको स्पष्ट सिद्ध हुन्छ। पर ब्रह्म परमेश्वरको अस्तित्व सतमा मात्र थियो। सृष्टि भन्दा अघि पञ्च महाभूत समेत थिएन। नभए शुन्य र नहुने सार वा निज बिना केही पनि हुन र बन्न सक्तैन। सृष्टिको क्रममा जो वस्तु बन्यो त्यो बन्नु वा सृष्टि हुनु भन्दा पहिले निज रूपमा थियो। सो विज रूप सत मानै लय भएर रहेको थियो। नभएको र शुन्यबाट नहुने भएकोले 'थियो' भन्नु पर्दछ। सो 'थियो' भन्ने वस्तु सत वा चित रूपमा रहेको मान्नु पर्दछ। सृष्टि भन्दा पहिलेको यस सत वा चित रूपलाई ब्रह्मको सृष्टि रूप मानिन्छ। सम्पूर्ण सृष्टि पर ब्रह्मको गर्भमा रहेको हुंदा यस स्थितीको रूपलाई हिरण्य गर्भ पनि भनिन्छ। आफू आफैमा लय भएर रहेको अवस्था आनन्द हुन्छ। आफू आफैमा लय भएर सत, चितमा आनन्द पूर्वक रहेको हुँदाने भगवानको नाम सच्चिदानन्द भनिएको हो। व्यष्टि रूपमा रहेको त्यस सच्चिदा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न्द धन रूपमा विकार पैदा हुन्छ। सो विकारलाई वेदान्तमा 'माया' सज्ञा दिईएको छ। जसरी एक व्यक्तिमा इच्छाको पैदा-बाट अनेक काम वा मानव सृष्टि हुन्छ त्यसै गरी पर ब्रह्म भग-वानको इच्छा वा मायाबाट यो विश्व प्रपञ्च क्रमिक रूपमा सृष्टि हुन्छ। सृष्टि पर्ने अवस्था सृष्टि हुनु भन्दा पहिलेको यो रूप-लाई समष्टि रूपमा मानिन्छ। सृष्टिमा आकाश, हवा, तेज, पृथ्वि, जलको सृष्टि भयो र यसैबाट रूप, रस गन्ध, स्पर्श, तेजको प्रादुर्भाव भयो। यो सृष्टिलाई व्यष्टि रूप मानिन्छ। समष्टिमा व्यष्टि पनि विज रूपमा रहेको सिद्ध हुन्छ। मालामा धागो रूप एकत्वले रहे जस्तै सतको रूप सबै ब्रह्माण्डमा विद्यमान छ। हाल सृष्टिबाट भएका सबै वस्तु सत र असत एकै स्वरूपमा भै व्यक्त रूप छउन्जेल रही रहने र अव्यक्त रूपमा सोही सतमा असत तत्व पनि लय भै रहने हुँदा सृष्टिका सबै वस्तुहरूमा उपरोक्त सत्व, रज, तम तीनै गुण व्याप्त रहेको स्वतः स्पष्ट हुन्छ। त्यसैले सृष्टिको क्रममा व्यक्त भएको ॐकारमा पनि अ० उ० म मा सत्व, रज तम यो तीन गुण देखि भिन्न छ भन्न सकिदैन !

श्री चट्टोपाध्यायको गायत्री रहस्यमा ॐकारलाई परब्रह्मको नामको रूपमा देखाइएको छ। वहाँले लेख्नु भएको छ—

"सत स्वरूपमा रहेको परब्रह्म परमेश्वर भगवानको जे नाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राखे पनि अपूर्णता हुन्छ' नाम राख्ता गुण रूप समेत दर्शाई राखन्छौं। प्रत्येक गुण प्रधान भगवानका एक नामले मात्र सर्व गुणको अभिव्यक्ति हुन नसक्ने हुंदा सहस्त्र नाम छन। सो वाट पनि सर्व गुणको अभिव्यक्ति हुन नसक्दा भक्त जनवाट देव देवीको समेत नाम एव रूपको चिन्तन गरियो। एक शक्ति वा रूपको अनुभूति वाट एक नाम वा रूपको चिन्तन गरियो भने अर्को अनुभूति वाट अर्कै नाम वा रूप मानिएको छ। जसरी ६ जना अन्धाले हातिको अनुभूति गर्दा डोरी, नांग्लो, भित्तो, थाम, सर्प आदिको अनुभूति स्वरूप ज्ञान प्राप्त गरी हातिलाइ डोरी जस्तो नांग्लो जस्तो, भित्तो, थाम, सर्प आदि जस्तो ठानी सोही जस्तो भिन्ना भिन्नै नाम राखे त्यसै गरी अदृश्य भगवानको अनुभूति स्वरूप राखिएका नाम पूर्ण छैनन। सृष्टिको क्रममा एक ध्वनी पैदा भयो। सो ध्वनी अर्ध चन्द्राकारको रूपमा घुम्यो। त्यसको घुमाई ॐकारको रूपमा भयो। ध्वनीवाट शब्द र शब्दवाट अर्थ वोधक वाक्य वन्ने र वाक्य वाटनै नाम स्वरूप मा आउने हुंदा सत्व, रज, तम गुण युक्त ॐकार पवित्र एव पहिलो ध्वनी हुंदा ॐकार ब्रह्म स्वकीय नाम हो। सर्व गुण रूपको अभिव्यक्ति हुने खालको शब्दवाट परब्रह्मको नाम वन्न सक्तैन। यो वैज्ञानिकताको साथै गुण प्रधान नाम हुंदा शुद्ध र पवित्र छ। भगवान भक्तको लागि मत्र भजनको रूपमा भजन योग्य शुद्ध अराध्य नाम हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसको जुन शुद्ध एव ठीक नाम हो सोही नामवाट वोलाउदा सो व्यक्ति बोल्ने हुँदा भगवानको शुद्ध नाम ॐकार भएकोले भगवानको अराधना गर्दा ॐकारवाट गर्नु पर्दछ, किनभने आराध्य जप, अक्षर वा शब्दनै मन्त्र हुन्छ ।'

'भगवानको स्वरूप यो शुद्ध, पवित्र ॐकार हुदा मन्त्र नजान्नेले पनि प्रत्येक मंत्रको जप पाठ गर्दा आफ्नो प्रमुख मत्र भन्दा पहिले ॐकारको उच्चारण गरेर मात्र अन्य मंत्रको जप पाठ गर्नु पर्छ । भगवानको नाम वेगर गरिएको स्तुति अपूर्ण हुने भएकोले स्तुति मत्रको पूर्णताको लागि सर्वप्रथम ॐकारको उच्चारण गर्नु पर्दछ । जुन न हुदा, अपुर्ण एव अशुद्ध ठानीन्छ भने सो मूख्य र गौण ठान्नु पर्छ । त्यस कारण ॐकार मूख्य भएको र सो को उच्चारण विना अन्य भजन, स्तुति अपूर्ण हुने र भवसागर पार गराउने भजन, स्तुति हुदा र सो भन्दा मूख्य ॐकारलाई 'पुल–सेतु मान्नु पर्दछ । अतः भगवान प्रिय नाम ॐकार हो र भगवानमा रहेका सम्पूर्ण विभूति गुण जप ॐकार हुदा परब्रह्मको स्वकीयं नाम ॐकार हो भनि भन्नु भएको छ ।

श्री कृष्ण भगवानले गीतामा ॐकारलाई "वेद्य पवित्र ॐकार (९।१७) भनि जगतको पिता, माता, धाता, पितामह, पवित्र ॐकार भन्ने आसय प्रकट गर्नु भएको छ . माता, पिता आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपको उपमा दिएको हुदा यहां ॐकार भगवानको रूपमा लिएको छ भन्न अत्युक्ति हुदैन । वस्तुको रूप नहुदा अनुभूति नहुने र देखाउन नसकिने हुदा ॐकार देखाइएको हुदा ॐकार यह परब्रह्मको रूपमा मानिएको छ ।

अक्षरं ब्रह्म परमं स्वभावोऽध्यात्ममुच्यते–८।३
अक्षराणा म कारोऽस्मि १०।३३
ओमित्येकाक्षर ब्रह्म–८।१३

उपरोक्त श्लोकहरूमा एकाक्षरी 'अ' कार वा ॐकारलाइ श्री कृष्णले आफू वा ब्रह्म भएको बताउनु भएको छ । यहां ॐकारलाई आफू वा ब्रह्मका उपमा दिईएको हुंदा ॐकार परब्रह्म देखि भिन्न छ भन्न प्रमाणित रूपमा सकिदैन ।

भगवान श्री कृष्णले आफ्नो स्थुल रूपमा विराटरूपको साथै शुष्मातिशुष्म रूप एवं अन्य सम्पूर्ण सृष्टिमा आफू वा परब्रह्म स्वरूपमा रहेको भन्ने गीता का निम्न श्लोकमा व्यक्त गर्नु भएको छ—

अहं हि सर्वयज्ञानां भोक्ता च प्रभुरेवच—९।२४
अहमादिर्हि देवानां महर्षिणां च सर्वशः—१०।२
अहं सर्वस्य प्रभवो मत: सर्वं प्रवर्तते १०।८
अहं मात्मा गुड़ाकेश सर्व भूता शय स्थित:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहमादिश्च मध्य च भूताना मन्त एव च—१०।२०

विष्ट भ्याह् विद ं कृत्स्न मेकांशेन स्थितो जगत—१०।४२

अहं कृत्स्नस्य जगत प्रभवः प्रलयस्तथा—७।६

उपरोक्त श्लोकमा श्रीकृष्णले सम्पूर्ण यस गतको आफूनै सृष्टि, स्थिति, प्रलयको कर्ता, कर्म र कारण भएको र इच्छाले रचना, पालन र सहार गर्ने आफू भएको बताउनु भएको छ । यसबाट ब्रह्म स्वरूप भगवान श्रीकृष्णबाट ब्रह्माण्डमा केही भिन्न नभएको र ब्रह्माण्डको आदि, मध्य, अन्त्य वहामानै रहेको सम्पूर्ण वेद, श्रु त स्मृतिबाट प्रमाणित गरिएको छ । यसरी अनेक कर्म गर्दागर्दै निष्कामी, अनेकौं गुणले विभूषित हुदा हुदै निगु णी, अनेक सृष्टि स्वरूप ब्रह्माण्डमा अवस्थित हुदा हुदै निराकार भनेर पर ब्रह्मलाई सम्पूर्ण शास्त्रोक्त कमलले गुण, रूप आदिको वर्णन गर्न नसकि गुणातित, निराकार, अद्वैत मानेको छ । परब्रह्मको कुरै पनि विभूतिको वर्णन गर्न नसकि वेदले 'नेती : नेती ।' भनी ब्रह्म को अवर्णनीय रूप एवं गुणको स्वीकार गरेको छ । वर्णन देखि परको सत चित, आनन्द वस्तुनै सच्चिदानन्द स्वरूप परब्रह्म सिद्ध भएको छ । अतः यस्ता गुणातित, निराकार भगवानको नाम, वा रूप यही हो भनि किटान गर्नु निसार ठहर्छ । जसको आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मध्य, अन्त्यनै छैन, सत्व, रज, तम, गुणै छैन त्यस्ता परब्रह्म भगवानको नाम रूप, गुण यही हो भन्न सकिदैन ।

ॐकारमा सत्व, रज, तम तिनै गुण रहेको र शब्द एवं अक्षर रूपमा ॐकारनै प्रमाणिक रूपमा भएको मानिएकोले परब्रह्मको ॐकार नाम र रूप दुबै हो । ब्रह्मको अस्तित्व स्वीकार गरेको र निराकार, गुणातीतको नाम रूप नभएता पनि ब्रह्मको अस्तित्व वोधक रूपमा नाम र रूप भिन्ना भिन्नै लौकिक सरह हुन नसक्ने भएको र पर ब्रह्म परलौकिक हुदा ब्रह्म अद्वैत ठह्रछं । सो अद्वैत ब्रह्म हुदा नाम, रूप भिन्ना भिन्नै हुन सक्तैन । अतः ॐकार ब्रह्मको नाम र रूप दुबै हो । एक अर्कामा भिन्नता छैन । गुणातीत, निराकार भगवानको नाम र रूप मान्न थाले । साकार, गुणी हुनें र द्वैत हुने हुदा पुनः ब्रह्मको सच्चिदानन्दघन रूपमा न रहने भएकोले गुणातित, निराकार परब्रह्म जन्य वोधक शब्द स्वरूपमा मात्र ॐकारलाई लिइन सक्ने हुदा त्यस्ता ब्रह्मको ॐकार नाम र रूप दुबै हो भिन्न हुन सक्तैन र छैन ।

(०१८।११।१५-नाजरकोट)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योग र योगसाधनका कृयाहरू

खास एक विषयमा एकत्वभई रहने वा अभ्यास गरी रहने शब्दलाई योग शब्द मानिएको छ। परमात्मा परमेश्वर भगवानको चिन्तनमा लागेको र भगवान प्राप्तीको लागि सम्पूर्ण भौतिक वस्तुको त्याग गरी चिन्तना दमा सदा अभ्यस्त व्यक्तिलाई योगी भन्दछन। जुन सुकै वस्तु प्राप्तिको लागी भए पनि सो प्राप्त गर्न एक चित्तभै मनन, चिन्तनको प्रयत्नलाई योग मानिएको छ। गीतामा विवादयोग, कर्मयोग आदि गरी अट्ठार प्रकारको योगको वर्णन गरीएको छ। योगको शाब्दिक अर्थलाई छोडी भावार्थ गर्ने हो भने जति प्रकारका चिन्तन, मनन छन तो सबै त्यतिगै प्रकारमा योग भनेमा अत्युक्ति हुदैन। शास्त्रोक्त मतानुसार योगलाई अध्यात्मिक भावमा मात्र लिईएको र परब्रह्म परमेश्वर प्राप्तिको लागी ध्यान, चिन्तन तपस्या भजन, स्तुतिको माध्यम द्वारा गरिने कर्म विशेषलाई योग भनिएको छ। उपरोक्त ध्यान, भजन आदि कृया चञ्चल मनलाई शान्त गराउन र चित्त जति रोक्न गरिएको हुदा चित्त बृत्ति निरोधलाई योग मानिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगको साधन गर्ने लाई योगी भनिने र प्रचलन मा 'य' लाई 'ज' भनि उच्चार गरिने हुदा योगीलाई जोगी भन्ने गरिन्छ । "यजु वेदमा यकारलाई ज भन्नु भन्ने नियम हुनाले यत्र तत्र लाई जत्र तत्र भनेझैं जोगी भनेको हो" भनि प० छविलाल पोखरेल ज्यूले महात्मा गान्धी तथा अष्टांग योग र आदर्श व्यवहारको पृ० ४१ मा व्याख्या गर्नु भएको छ ।

योगवादे कल्याणमा गीताको भक्ति योग शिर्षकमा श्री रामशंकर टाकीले "योग शब्द संस्कृतको 'युज' धातुवाट वनेको छ । सयोग वा सम्बन्ध अर्थात जीवात्मा र परमात्माको सम्बन्ध भन्ने अर्थ हुन्छ या यो भनौं कि ब्रह्म वा आत्माको स्वरूपको बिचारको नाम योग हो" भनि भन्नु भएको छ । कल्याण कुन्ज (द्वितीय भाग पृ० ७) मा योग बारेमा जब सम्म इच्छित वस्तु प्राप्त हुदैन तब सम्म इच्छा अतृप्तै भई रहन्छ । यो अपूर्ण आकांक्षा पूर्णको संयोगको नामनै योग हो, अथवा यसलाई पाउन-को लागी जो जीवको विविधरूप लाइ समाधान गर्ने प्रयत्न हो उसको नाम पनि योग हो । यो पूर्णको प्राप्तिको प्रयत्न जुन क्रिया संग सम्बन्धित हुन्छ, उही योग वन्दछ । ज्ञान योग, भक्ति योग, ध्यान योग, साख्य योग, राज योग, मन्त्र योग, लय योग, हठ योग आदि यीनका नाम हुन र उपरोक्त योगका क्रियाहरू भगवान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुखी छैनन भने त्यसलाइ योग नभनी कुयोग भन्दछन । यसबाट खास फाइदा हुदैन । प्राय: पतनन्नै हुन्छ'' भन्ने लेखिएको छ।

योगको साधनावाट ज्ञान प्राप्त हुने र इश्वरको साक्षात्कार हुने विभिन्न योग वर्णित शास्त्रमा वताइएको पाइन्छ । योग सावनका धेरै क्रिया छन । योग स्वयं भगवान प्राप्तिको एक साधन मात्र हो । चित्तकोवृति नरोकी मन एकाग्र हुदैन । मनको एकाग्रत्वनै मनकोस्थिरता हो । जव मनले स्फुरण गर्नछोडदछ तब मन एकाग्रभै चित्तको वृति रोकिन्छ । यसवाट पनि स्पष्ट हुन्छ कि योग चित वृति रोकने साधन मात्र हो । यसरी गरीने सबै प्रकारका योग एवं योगक्रियाहरू चित्त वृति रोक्नका लागी गरीने प्रयत्न मात्र हुन । किन भने—जव सम्म मनले इच्छा गर्दछ, चिताउछ, स्फुरण गर्दछ, भोगको इच्छा गर्दछ तव सम्म मन एकाग्र हुन सक्तैन । मन एकाग्र नभै इश्वर प्राप्त हुन सक्तैन ।

योग साधनमा प्रवृत्त देखिएका सबै यो भेषधारी हरूले इन्द्रिय जितेका छन, साक्षात्कार गरेका छन, ईश्वर प्राप्त गरेका छन, भन्न सकिंदैन । वहुसख्यक साधक को रूपमा रहेका छन र हज्जारौंमा १।२ जनाले सिद्धि पाएको हुन सक्छ । तर सिद्धि प्राप्त व्यक्ति आफैमा सन्तोष रहने र शास्त्रोक्त कथनवाट सिद्धिको शक्ति प्रकट गरेमा सिद्धि अमनढी प्राप्त गर्न र स्थायी राखन वाधा पर्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुदा गुप्त रहेत छन। सिद्धि वा भगवान प्राप्त गर्न रज र तम गुण पूर्णरुपमा छोडी आफू सत्व गुणी बन्नुपर्ने र सत्वगुणी बनी सक्दा सुख दुःख लोभमोह, लाभ-हानी, सित-गर्मी, मान-अपमान, जन्म-मृत्यु, उसकालागी समानभैं सकेका हुन्छन। उसमा विभेद हटी सम भाव भई सकेको हुन्छ। यस स्थितिको सिद्ध महात्माले आफ्नो ख्याती देखाउन प्रचार गर्न चाहँदैन। ख्याति, सफलता प्रसंसा संग उसको सम्बन्ध रहँदैन। यसकारण त्यस्ता सिद्ध पुरुषका सिद्धिहरु सामान्य तया देख्न पाईदैन। यदाकदा सिद्धिको चमत्कार कतै देखिन्छ भने त्यो कमस्तरको सिद्धि हो त्यो देखाउने सिद्धपूर्ण प्राप्त नभएको र प्राप्त सिद्धिमाने भूलियोग भ्रष्ट हुन थालेको हो। यदाकदा दुःखी असहायको दुखमा सहानुभूति पूर्वक आफ्नो प्राप्त सिद्धिको योग वलले परोपकारार्थको मात्र भावना बाट भएका र देखिएको योग सिद्धिबाट भने योग भ्रष्ट हुदैन र सिद्धिमा कमि आउदैन।

सिद्धि यति नै हुन्छ भन्न सकिदैन। भगवानका गुणको एक अंश प्राप्त गर्नु एक सिद्धिहो। भगवानको गुण यति नै र यस्तै हुन्छ भन्न सकिदैन। यसकारण सिद्धि का अदितीय चमत्कार पनि यति वा यस्तो हुन्छ भन्न सकिदैन। भगवान श्री कृष्णलाई 'योगेश्वर' भनिएको छ। यसबाट योगका गुण भगवानका गुण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्दा भिन्न र कम छैनन भन्ने प्रमाणित हुन्छ। अतः भगवान प्राप्त गर्ने एवं सिद्धि प्राप्त गर्ने योगमार्गलाई सामान्य रूपबाट हेर्नु वा व्याख्या गर्नु अल्पज्ञात स्वतः देखिन्छ। यस कारण योग र योगीको महत्व वर्णनातित छ।

नदेखेका स्थान वा बाटाको ज्ञान हुनु अज्ञान हो अज्ञान बाटै विरोध, तर्क, विवाद आदि हुन्छ। ज्ञानमा यो विवाद हुदैन। अतः अज्ञान अपूर्ण छ र ज्ञान पूर्णछ। अपूर्ण अज्ञानको विरोध, तर्क हुनु स्वभाविकै हो। ज्ञानी अज्ञानी सग विवाद एवं तर्कगर्न चाहदैन। ज्ञानीले जान्नु, पाउनु, भोग्नु बाकी रहदैन। त्यस कारण नै ज्ञान अप्राप्त हुन्छ र प्राप्त गर्न कठीन पर्दछ। जसले योग सिद्धि गर्दछ त्यसमा ज्ञान हुन्छ भन्ने प्रमाण दिदै भगवान श्री कृष्ण भन्नु हुन्छ—

अनन्याश्चिन्त यन्तयो मां यजना पर्युपासते।

तेषां नित्याभि युक्तानां योग क्षेत्रम वहाम्यहम ॥—९।

जो सर्वप्रकारको चिन्ता छोडेर नित्य निरन्तर मेरोनै चिन्तामा रहन्छन र सबै भावनाबाट मेरोनै उपासना गर्दछन त्यस्ता भक्तको योग क्षेम मनै वहन गर्दछु।

साधवो हृदय मह्यं साधूनां हृदय स्वहम
मदन्यत ते न जानन्ति नाहं तेभयो मनागपि—भागवत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भागवतमा' साधुगण मेरा हृदय हुन म साधुको हृदय हुँ मेरो अतिरिक्त उनीहरु अरूलाई जान्दैनन र म पनि उनीहरुवाहेक केही जान्दिन' भनिएको छ।

योगका मुख्य व्याख्याकार पतञ्जलिलाई मानिन्छ। उनको योगलाई राजयोग मानिन्छ। हठयोग वाहेक अन्य सर्व योगको वर्णन प्राय गीतामा पाइन्छ।

योग लाई मूख्य रुपमा भक्ति योग, ज्ञानयोग, कर्मयोग, र वैराग्य योग चार भागमा विभाजित गरिन्छ। भक्तिपूर्वक पूजा, ध्यान भजन गर्नु लाई भक्तियोग, तत्वविचारगरी शंका समाधान गर्नु र ज्ञानप्राप्त गर्नुलाइ ज्ञान योग र कर्मका फलको इच्छा नगरी निष्काम कर्म गर्नुलाई कर्म योगभनिन्छ। सर्व इच्छा वा विजय वाट चित्त हटाई रहनु वैराग्य योग हो। शास्त्रोक्त नियममारही मनलाइ स्फुरण हुन नदी शास्त्रोक्त विधि अनुसार काम गरी रहनु राजयोग मानिन्छ। जवरजस्ति मन एवं इन्द्रियलाई रोकी वैराग्य स्थिति मा रही ध्यान गर्नु हठ योग भनिन्छ।

सर्व योगको उदेश्य भगवान प्राप्त गर्नु मात्र हो, यसमा विभिन्न रूचिका व्यक्ति हुने र आफ्नो रूचि र परिस्थितीको साधनवाट भगवान प्राप्त गर्ने मार्गमा लाग्न सजिलो हुनेहुदा वाटा अलग अलग छन। मूख्य उदेश्य र मूल तत्वमा फरकछैन। त्यतिमात्र होइन एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगको साधन गर्दा अर्को योगको आवश्यकता पर्दछ । आंशिक रूपमा भक्ति गर्ने कर्म गर्नु पर्ने, कर्म गर्ने निष्काम भावना राख्नु पर्ने, ज्ञान थेरथोर नभै सो कर्म प्रति मन नलाग्ने, मनलाई नरोकी छाड़ा छोडेमा बिचमा छोडीने आदि हुदा सबैयोग सबै साधनामा चाहिन्छन । तर प्रधान योगमा अन्य योग गौंण रूपमा आउछन । सबै योगबाट अन्त्यमा ज्ञान हुने र ज्ञान बाट भागवत प्राप्ति हुन्छ आष्टाग योग मध्ये उपरोक्त चार योगमा उपासनाको तरिकामा मात्र कुनैमा धेर कुनैमा थोरको फरक छ ।

योग वाशिष्टमा 'सर्वकामन परि त्यज्य निस्कामो योग उच्यते सबै इच्छित काम छोडेर निस्काम बन्नुवै योग बताईएको छ । जे र जुन तरिका बाट योगका रूपहरू बताए पनि निस्काम नभई कुनै पनि योग सिद्ध हुदैन ।

योगका आठ अग मध्ये यम, नियम, आसन, प्राणायाम र प्रत्याहार यी पाँच योगका बाहिरी अंग (बहिरंग) र धारण, ध्यान र समाधि यी तीन भीत्री अंग (अन्तरग) हुन । योगका बातै नियमको पालना नगरी समाधि हुन नसक्ने र समाधि सिद्ध भएपछि अन्य योगको साधना गर्नु पर्दैन । सबै योगको अन्तिम स्थिति समाधि हो । समाधि हुदा ज्ञान, सिद्धि एव साक्षात्कार हुन्छ । ध्यान, प्राणायाम र त्राटक बाट समाधि हुन्छ । योगका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्य साधन एक स्थितीवाट अर्को स्थितिमा जाने सिढि हुन । यी सबै सिढीवाट पारलौकिक सुख पाईन्छ भने लौकिक सुख, पाउन सभ्य वनाउन समेत मानवलाई यो योगको साधन र कृयावाट पूर्ण सहयोग मिल्दछ । योगका यी सिढिहरूको साधना नास्तिक-ले समेत अनायास पालन गरी रहेको हुन्छ । सभ्य, शिष्ट र सफल हुनको साथै मानवधर्म पालनगरीवस्न यो योगको ज्यादै आवश्यकता पर्दछ । कुनै पनि धर्मप्रचारक (जुन मतालम्वि भए पनि जैन, वुद्ध, विवेकानन्द, ईसा, महमद समाजसेवी (महात्मागाँधी लेलिन मार्क्स, आदि,) सबैका मार्ग दर्शनमा उक्तयोग देखि भिन्न छैन । नाम जे राखे पनि आचरण वनाउन भनिएको होस धर्म तप, जप, ईश्वर प्राप्त गर्न भनिएको होस सोही योगको क्षेत्र भित्र पर्दछ । उक्त महत्वपूर्ण योगका अंग एव त्यसका विभेद निम्न प्रकार छन :—

१ यम ।— यमका पांच भेदछन । ती हुन अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह ।

(क) अहिंसा— अहिंसालाई ठूलो धर्म मानिन्छ । 'अहिंसा परमो धर्मं' भनिएको छ । जीव मात्रलाई मार्नुको अलावा दुःख दिनु सम्मलाई पनि हिंसा मानिन्छ । मासु खान छोड्नु अहिंसा पालनको पहिलो खुडकिलो छ भने शत्रु संगको वदला लिने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावनाको त्यागनु अन्तिम सिद्धी भनिन्छ । परोपकार एवं धर्मको पालन गर्न हिंसा भावना छोडी अहिंसाको व्रत लिनु अनिवार्यछ ।

(ख) सत्य – यमको दोश्रो चरण सत्य हो । साचो बोल्नु, मिठो बोल्नु, अर्कालाई चित्त दुख्ने कुरा नभन्नुलाई सत्य भनिन्छ । अप्रिय छ भने साँचो नभन्नु भनि भनिएको छ । जस्तो विपद आई परे पनि साँचो बोल्नु भन्ने सिद्धान्तलाई शास्त्रले पनि कोरा मानेको छ । सत्यको नाममा अर्काको इज्जत जाने, ज्यान, धन जाने अहित हुने सर्व साधारणमा बाधा वा अशान्ति उत्पन्न गर्ने सत्य भए पनि नभन्नु भनि महाभारतमा भिष्म पितामहले युधि-ष्टरलाई उपदेश दिनु भएको छ । सत्य छ अप्रिय भए पनि फाइदाजनक छ भने सत्यनै बोल्नु । अब सत्य र असत्य बारेमा बोल्दा असत्य छ भने वा असत्य बोल्नु पर्ने स्थितिमा असत्य न बोल्ने, बहुसख्यक हित, परोपकार हुने भए आंशिक रूपमा सत्य असत्य दुवैको अर्थ लाग्ने गरी बोल्नु भन्ने शास्त्रको मत छ.

(ग) अस्तेय—आफ्नो अधिकार नभएको कुनै वस्तु वा चिज लिनु स्तेय र सो नलिनु लिने भावना नहुनु अस्तेय हो ।

(घ) ब्रह्मचर्य —कुनै पनि व्रत गर्नुलाई चर्य भनिन्छ । शा-ब्दिक अर्थमा ब्रह्म प्राप्तिका लागी चर्य (व्रत) गर्नुलाइ ब्रह्मचर्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्दछन । ब्रह्म निराकार रूपमा रहदा वीर्य रूपमा रहने हुदा वीर्यको रक्षा गर्नु पनि ब्रह्मचर्य भनिन्छ । वीर्यको रक्षा नहुदा स्वस्थ्य नरहने जति वढीको रक्षा भयो त्यती वलवानी, दीर्घायु हुने र वलवानी दीर्घायुले आफूले आटेको काम गर्ने शारीरिक, मानसीक स्वस्थ्यताको अलावा आत्मानली हुने हुदा ब्रह्मचर्य रहनु आवश्यक छ। सके जन्मभर नभए सयमपूर्वक एक पत्नी सग रहे पनि ब्रह्मचर्य मानेको छ । ब्रह्मचर्यको आठ प्रकारवाट वीर्य नासभै ब्रह्मचर्य व्रत भग हुने हुदा मनसा वचना कर्मणा ब्रह्मचर्यको पालन हुनु जरूरी छ । योगमा ब्रह्मचर्यलाई ज्यादै महत्व दिइएको छ ।

(ङ अपरिग्रह—जीवन निर्वाहको लागी वा जीवन एवं शरीर रक्षालाई चाटिने वस्तु वाहेक मोज, भोज, सुख, ऐस आरामको लागी केही वस्तु नजोडनु, न साच्नु, नराख्नु अपरिग्रह हो । जति जोडे त्यसवाट हुने सुखको साथै संरक्षणगर्दा, नास हुदा त्यति नै दुख हुन्छ । त्यसकारण लोभ, मोह, वाट छुटकारा लो काम क्रोध छोडन योगमा अपरिग्रत व्रत वताइएको छ । छोरा; नातीको लागी भनि जोडदा प्रपंचमा परी काम, क्रोध, लोभ मोहमा परिन्छ ।

२. नियम—नियमको पनि शौच, सन्तोख, तप, स्वाध्याय र ईश्वर प्राणिधान पाँच भेद छन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(क) शौच—शरीरलाइ शुद्ध बनाई राख्नको लागी शौचको पालन हुनु जरूरी छ। शारीरिक, आन्तरिक, मानसिक सफाई शौच हुनु पर्दछ। शरीरको वाहिरी अगको मैला नुहाई, धुम्राई सफा कपडा लगाई राख्नु शारीरिक शौछ हो। दिशा, पिसाब गर्नु शुद्ध ताजा ठीक पच्ने गरी खानु, सडेको, मादक पदार्थ राजसिक एव तामसिक भोजन नगर्नु भित्री सफाई हो। सत्य, पर-हित, मधुर, नम्र वोली बोल्नु परद्रोह, अनिष्ट चिन्तन नगर्नु अन्तः-करणको सफाई हो। यो शौच व्रतको पालन नहुदा शारीरिक एव मानसीक अस्वस्थ्यता हुने र चित्त नहुने हुदा योगमा शौच लाई पनि महत्व स्थान दिइन्छ।

सन्तोष—जो जुन स्थितीमा छ वा कर्म गर्दछ सो पेशा वा कर्मलाई नभै नहुने देखि वाहेकका चिज वस्तुमा आसक्त नभै इच्छालाई घटाउदै लाने र भएकै चिजमा सन्तोषभै रहनु, सग्रह नगर्नु सन्तोष हो। इच्छा वढेमा जे जातले पनि पुग्दैन। इच्छित वस्तु नहुदा वा नासहुदा दुःख हुन्छ। अतः सन्तोषगै सुख हो र सग्रहगै दुःख हो।

(ग) तप—कुनै कामको लागी लगनशील भएर दत्त, चित्त संग लाग्नु तप हो। ईश्वर प्राप्ति गर्ने कामलाई उत्तम मानिएको हुदा ईश्वरेच्छा ध्यान, मनन भक्तिलाई तप भनिन्छ। राम्रो काम-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा एक चित्त भै लाग्नुने तपको उदेश्य हो ।

(घ) स्वाध्याय--उत्तम, चरित्र निर्माण गर्ने, जति सुधार्ने ग्रन्थको अध्ययन गर्नुलाई स्वाध्याय भनिन्छ । अध्यापन सबैलाई लिइनु पर्ने होता पनि जुन अध्यापनवाट फाईदाको सट्टा अन्त्यमा हानी पुर्‍याउछ, विनय सिकाउदैन, तत्व ज्ञान हुदैन भने त्यस्तो अध्यापनलाई अध्यापन भन्न सकिदैन ।

(ङ) ईश्वर प्राणिधान—ईश्वर प्राप्तिको लागी एक चित्तभै भक्ति, भजन गर्नु ध्यान गर्नु प्राणिधान हो ।

आसन--योगाभ्यास एवं शारीरिक तन्दुरूस्तीको लागी विभिन्न प्रकारले शारीरिक व्यायाम गरिन्छ वा वसिन्छ पनि । सो प्रक्रियाहरूलाई आसन भन्दछन । आसन चौरासी किसमका हुन्छन । ध्यास, ध्यान, जप समाधी आदिको लागी स्थिर आसन हुनु पर्दछ । अन्यथा व्यायामको लागी आसनहरूलाई चञ्चल आसन भने हुन्छ । किन भने सो प्रकारका आसन केही क्षणको लागी मात्र गरीन्छ । ध्यास, ध्यानको लागी सिद्धासन, स्वस्तिकासन, पद्मासन मात्र उपयुक्त छन । चञ्चलासनमा योग सिद्ध हुन सक्तैन यीनवाट योग साधन र शारीरिक तन्दुरूस्तिमा ज्यादै फाइदा जनकछन भने स्थिर आसनमा रही योग सिद्ध गर्न सकिन्छ । त्यस कारण योगमा आसनको पनि ज्यादै महत्वछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४ प्राणयाम--जीव सास नफेरी वाच्न सक्तैन। प्राणवायु वाहिरवाट तान्नु र केही बेर रोकी छोडीनेनै हाम्रो प्राणवायुको क्रृया छ। यो प्राणवायु अनियन्त्रित रूपवाट चल्दा वा फेरिंदा शारीरिक, मानसिक असर परी जीवको स्थायी रहने समय घट छ। यो समयलाई हामी आयु भन्दछौं। साँस फेराईमा पनि शक्तिको खर्च हुन्छ। योगवाट मात्र नभै आधुनिक विज्ञानवाट पनि वढी सांस् फेरी खर्च भएमा आयु छिन्न हुने सावित गरिएको छ। रोगमा जस्तो क्षय, दमा, जस्ता स्वासमा धक्का पर्ने रोगलाई वढ़ी आयु छिन्न गर्ने भनि मानिएको छ।

सामान्य तया प्राण वायुको क्रृया सास तान्नु रोकनु, छोडनु या फ्याक्नु छ। यो क्रृयालाईनै प्राणायाम भनिन्छ र अनायास भै रहेको छ। तर नियन्त्रित रूपवाट गरीएको प्राणायामवाट शारीरिक मानसीक तन्दुरुस्ति वा फायदा भै आयु वृद्धि हुनको साथै स सै नफेरी कैयौं समय सम्म योगाभ्यासवाट वस्न सकिन्छ। धेरै वेर सम्म सांस रोकि रहन सकेमा समाधी हुन्छ। यसरी योगमा समाधी सिद्ध गर्ने ठूलो साधन प्राणायाम हो।

नाकका प्वालवाट वाहिरी हवा तानी राख्नु पूरक सो हवा पेटमा रोकि राख्नु कुम्भक र छोडनु वा वाहिर फेक्नुलाई रेचक भन्दछन। यो क्रम विधिपूर्वक नाकको दाहिने प्वालवाट हवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विस्तारै तानी पेटमा रोकी पछि विस्तारै देब्रे नाकको प्वालबाट बाहिर छोड्नु गर्दा पुरक, कुम्भक रेचक भयो । सो उल्टा सुल्टा बराबर समयको ख्याल राखी गर्ने क्रियालाई सूर्य भेदन भन्दछन । धेरै समय सम्म गर्न सकियोस र सो प्राणायाममा समयावधी बढदै गएको छ छैन । भन्नलाई मात्र वा सख्या गती निर्णय गर्नु पर्दछ । प्राणायाम सिद्ध भएमा सास फेरन इच्छानुसार रोकी बस्न धेरै बेर सम्म सकिने र जमीनबाट आसन उठछ भनि योगमा बताईएको छ । यसबाट पानि माथि हिड्ने, जमीन मुनि बस्ने जस्ता विचित्रका काम गर्न सक्छ । प्राणायाम सिद्ध गरी समाधी लिन सक्नेको इच्छा मरण हुन सक्छ भनि सबै धार्मिक ग्रन्थमा प्राणायाम बारेमा बताईएको पाइन्छ ।

साधारण तया सास फेरिदा एकै रूपमा फेरिदैन । कहिले दाहिना नाकबाट फेरिन्छ र बाया बन्द हुन्छ, कहिले देब्रे बाट फेरिन्छ सो बेला दाहिना बन्द हुन्छ । कुनै बेला मात्र दुबै प्वालबाट बराबर सास फेरिन्छ । नाकको दाहिना प्वाललाई पिंगला बायाँलाई इडा र यसै गरि दाहिनालाई सूर्य र बायालाई चन्द्र नाड़ी पनि भन्दछन । दुबै प्वालबाट बराबर चलेमा सुषुम्ना नाड़ी भनिन्छ । श्वासको चलाईमा सूर्य चन्द्र सुसुम्ना नाड़ी र स्वासको क्रम छिटो, ढिलो, छोटो हुने हुदा सो बाट स्वर विद्या जान्नेहरू शुभा शुभ पनि विचार गर्दछन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राणायाम गर्दा बायाँ नाकलाई साँहिलो औलाले थुनेर दाहिनेबाट स्वास खिच्नु पर्दछ त्यस पछि देब्रे साँहिलो र दाहिने बुढो औलाले थुन्नु पर्दछ, त्यस पछि बुढो औलाले दाहिने थुनी देब्रे प्वालबाट स्वास छोडनु पर्दछ। अब यसै गरी बुढो औलाले दाँया नाक थुनी बायाँ प्वालबाट श्वास तान्ने र दुवै प्वाल साँहिली र बुढी औलाले थुरी रोक्ने त्यस पछि बुढि औलाले दाहिनो प्वाल छोडी बाहिर स्वास फेर्नु पर्दछ। यही पूरक, कुम्भक, रेचक उल्टो, सुल्टो बराबर गर्नुनै प्राणायामको नियम हो। प्राणायाम धेरै गरे पछि जाडोमा पनि पसीना आउछ। प्राणायामबाट चित्त को चञ्चलता कम हुन्छ र ध्यानमा मन लाग्दछ। यसबाट इच्छित ईश्वरीय स्वरूपको दर्शन हुन्छ। यसलाई साक्षात्कार पनि भन्दछन।

आफ्नो इच्छित इष्टदेव वा ॐकारको ध्यान गर्दै वा कुनै मन्त्र जप्दै गरेको प्राणायाम छ भने सोलाई सगर्भ र केवल स्वास्थ्यको हितको निम्ति केही न सोची गरेको प्राणायामलाई अगर्भ भनिन्छ।

सगर्भ प्राणायाम गर्दा इच्छित देव, देवी वा ॐकारलाई आफ्नो अगाडी आफूमा आफ्नो तालुमा सहस्त्र दल सेतो कमल" मा रहेको सेतो स्वरूपको चिन्तन गर्नु पर्दछ। निराकर भगवान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को चिन्तन गर्नैले प्राणायाम गर्दा निलो, आकाश, सेतो कमल, हिमाल, दिव्य तेज, आकाश, जल, जे को स्मरण गरे पनि हुन्छ। सो स्मरण गरेको वस्तुमा मन अडयाई राख्नु पर्दछ । सो तैल धारा बराबर अविछिन्न भए पछि मात्र समाधि हुन्छ।

कामीको खलाती जस्तै छिटो छिटो मुख नाकवाट श्वास तान्दै छोड्दै गर्नुलाई भस्त्रिका भनिन्छ। दमा, कफ सम्बन्धि रोगीले यसको अभ्यास गरेमा फाईदा हुन्छ ।

पूरक गर्दा गुदलाई माथितिर खिच्नुलाई मूलबन्ध भन्दछन, रेचक गर्दा पेट ढुंडेल्लातिर लानुलाई उड्डीयान बन्ध भन्दछन। प्राणायामको अभ्यास गर्दा मूलबन्ध र उड्डीयान गर्न्व पूरक र रेचक मा गर्नु पर्दछ र प्राणायाम गर्दा ज्यादै शान्त स्थान, कमल वा सजिलो गरी स्थित आसन हुनु पर्छ । कतैबाट कुनै आवाज न आवस । केहीको डर नहोस । समयको हतारो पनि हुनु हुदैन । आँखा बन्द गर्नु वा तालु, सुसुम्ना या नाकको टुप्पामा एक टक" ले हेरी रहनु पर्दछ ।

ज्यादा भोको, ज्यादा रिसाएको अजीर्ण वा ज्यादा खाएको अनिन्द्रा, आँधी बेहरी, मेघ गर्जन, समयको पावन्दी यी प्राणयामका बाधक हुन । प्राणायाम गर्दा ईश्वर चिन्तन देखि अन्यत्र मन बराबर गई मन स्थिर न रहे प्राणायामको अभ्यास वढाउदै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहने मनलाई विषयबाट खिची ईश्वर मुखि पार्ने गर्नु पर्दछ ।

५ प्रत्याहार :—इन्द्रियहरूलाई विषयबाट विमुख गराई रोक्नु प्रत्याहार हो । सबै इन्द्रियहरू विजयबाट एकै चोटी रोक्न सकिदैन । मनलाई भक्ति जिज्ञासा र वैराग्यमा लगाई बडो यत्न पूर्वक रोक्नु पर्दछ । संगतले, भक्तिको प्रभावले, जिज्ञासाले ज्ञान प्राप्त गरेर पनि मन लाई रोकिन्छ तर यसमा वैराग्य छैन र अधुरो ज्ञान भएमा इन्द्रियहरू फेरि विषय तिर लोभिई जान्छन र चित्त पुनः चञ्चल हुन्छ । कामिनी र काञ्चनमा नलागि काम, क्रोध, लोभ, मोहबाट विमुख भएमा इन्द्रियहरूलाई विषयबाट हटाउन सकिन्छ र सफल प्रत्याहार हुन्छ ।

६ धारणा :—दीप शिखा, ज्योति वा भगवान स्वरूप आदिको मनमा स्मरण पारी रहनु धारणा हो । चिन्तीत वा सम्झिएको वस्तु तेलधाराको रूपमा सम्झी रहनु पर्छ । बानी बसे पछि मनले अन्य वस्तु नचिताई एकै पारमार्थिक वस्तुमा स्वतः लागी रहन्छ । यही नै धारणा हो ।

७ ध्यान :—धारणा गरेको वस्तुमा मन अडी रह्यो भने त्यसलाई ध्यान भन्दछन । मननको लागी गरेको वस्तु सिद्ध हुदैन । अतः ध्यान हुनु पनि आवश्यक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८ समाधि ।—योग क्रयाको अन्तिम सिढी समाधि हो । आफ्नो स्वरूप बिर्सि ध्यान गरिएको वस्तुमा मन अड़ो रहेको अवस्थालाई समाधि भनिन्छ । पूर्ण समाधि हुन थाले पछि ब्रह्मको चिन्तन, ध्यान गर्ने गर्नु पर्छ । परब्रह्मना मन एकाकार भएपछि अद्वैत ब्रह्म रहन्छ, आफु र अन्य देवको द्वैतता हटी अद्वैत ज्ञान प्राप्ति हुन्छ । मनन चिन्तनवाट समाधि भै अथाद्व पूर्णज्ञान स्फुरण भएपछि, अज्ञान अविद्या सदाको लागी हटछ । उसका लागी जान्नु पर्ने, केही वाँकि रहदैन । जीव र ईश्वरको भेद हटी आफू ब्रह्म भएपछि इच्छा केही रहदैन । सम्पूर्ण ब्रह्मालयको स्थितिमा रहन्छ । सदा सुखी हुन्छ । यस अवस्थालाई जीवित अवस्थै हुदा पनि जीवमुक्त भनिन्छ ।

यस्ता व्यक्तिले ससारको भोग गर्छन, तर स्फुरण नहुने हुदा नयाँ भोग्नु पर्ने वाँक रहदैन । भोग्नु पर्ने वाँक नभए पछि मात्र पुनर्जन्म छुटछ । सो छुटनुलाई मोक्ष भनिन्छ । यसमा अर्को जन्मको सुख, दुख स्वर्ग, नर्कको सिमा रहदैन । वन्धन मोक्ष नै मोक्ष हो । शास्त्रको र योगको अन्तिम जीवन लक्ष यही हो ।

समाधि हुंदा व्यक्ति सत्व गुण प्रधान, वैराग्य, निस्कामी, स्फुरण रहित सम भई सकेको हुन्छ । एक अंशमा मात्र पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इच्छा वा तृष्णा बाँकी रहेमा पूर्ण समाधि हुदैन जसबाट जन्म मृत्युको बन्धन हटी मोक्ष होस ।

योग वशिष्ट अनुसार व्यक्तिका स्थितीमा स्वप्न, जाग्रता शुषुप्तिको तीन अवस्था बताइएको छ । शुषुप्ति देखि माथि तुर्य अवस्थालाई समाधिस्थ अवस्था बताईएको छ । कतै कतै तुर्यातित अवस्थालाई मात्र पूर्ण समाधि बताईएको छ । तुर्यातित अवस्थालाई पूर्ण निर्विकल्प समाधि भन्दछन ।

भौतिक वस्तु प्राप्त गर्न भौतिक साधन भेला गरे जस्तै ईश्वरको साक्षात्कार गरी मोक्ष हुने साधन एव नियमका रूपमा उपरोक्त नियम एव कृयाको आवश्यकता पर्दछ । सामान्य नियमानुसार पनि जे वस्तुको हामी इच्छा गर्दछौं सो वस्तु जहा छ, जता छ सोही तर्फको बाटो लाग्नु पर्दछ । परमार्थिक प्राप्त भौतिम साधनबाट पाईदैन । सो भौतिक साधना वा कृयाको सदुपयोग गरेमा आंशिक सहयोग सम्म हुन्छ । त्यस कारण भगवान लाई हेर्न, पाउनमा मोक्ष हुन चाहनेले सोही अनुरूप विश्वास राखी शास्त्रिय मार्गमा चली योग साधन गर्नु पर्दछ । गीतामा श्री कृष्णले काम, क्रोध, रज, तम, गुणमा रहदा सो अद्वितिय ज्ञान साक्षात्कारको अवस्थालाई धुंवाले आगो, धुलोले ऐनाको टक, बादलले तेजलाई ढाके जस्तै ढाकिन्छ भनि बताउनु भएकोछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजसिक, तामसिक भावना छोडी सात्विक भावनाको पालन गरेर व्यक्ति एक आदर्श, महान, महात्मा स्वतः हुन सक्तछ। यसरी योगको साधनबाट समाधि हुने र समाधिस्थ अवस्थामा इच्छा रहित भै स्वास नाड़ी, मुटुको धड्कन समेत हटाई जीवित रहन्छ।

योग साधनका अन्य छुट्टै निम्न क्रियाहरू पनि बताईएका छन।—

१ नाद नु सन्धान
२ षड्मुखी मुद्रा ३ त्राटक, ४ खेचरी
५ षट कर्म
६ ब्रह्म डण्ड
७ गुञ्जल
८ कुण्डलिनी
९ दशमुद्रा
१० षटचक्र चिन्तन
११ छाया पुरुष

१ नादानु सन्धान—दुवै कान हातले थुनी त्यसबाट सानु ठूलो जो आवाज आउछ त्यो सुन्नु र त्यसमा सानु आवाज सुन्ने प्रयत्न गर्नु। झ्याउकिरी कराए जस्तो आवाज हुन्छ। त्यो ठाढा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाट नजिक हुँदै जान्छ । अभ्यास गर्दै गएमा शंख बजेको, मन्दिरमा पूजा गर्दा विभिन्न किसिमका घण्ट हरू बजे जस्तो सुनिदै जान्छ । यो आवाज अष्ट हुँदै जादा मन एकहोरो भै स्थिर भएर समाधि हुन्छ । यस क्रियालाई नादानु सन्धान भनिन्छ ।

२ षड्मुखी मुद्रा—दुवै कानको प्वाल दुवै बुढी औंलाले, नाकको दुवै प्वाल माझ औंला आखाँ र मुखमा अरू औंलाले थुनी प्राणायाम गर्दा कान २ आंखा २ नाक र गरी छवटै प्वाल थुनीने हुदा यस मुद्रालाई षड्मुखी मुद्रा भनेको हो । यसको अभ्यास गर्दा अगाडी वा शिरमा ज्योति देखिन्छ र वरावर अभ्यास गरी सोही ज्योतिमा मन स्थिर गरे समाधि हुन्छ ।

३ त्राट—आफ्नो अगाड़ी एउटा कालो, पहैलो वा जस्तो हुन्छ सानो दाग लगाई आंखा नझिमक्याई एकटकले हेरी रहे आंखावाट आँसु झर्छ । यसको अभ्यासवाट त्यस चिन्हवाट ज्योति निस्कन्छ र हेरी रहे इच्छित मूर्ति पनिको साक्षात्कार हुन्छ । आंखाको रोग पनि निको हुन्छ भनिएको छ । यस अभ्यासलाई त्राटक भन्दछन ।

४ खेचरी—जिब्रो उल्टो फिरयाई घाँटी तिर लानु र आँखा आंखीभौंमा एकटकले हेर्नु लाई खेचरी भन्दछन । यसो गर्न जिब्रो लामु पार्नु पर्दछ । जिब्रो लामु पार्न विहान गाई दुहे जस्तो गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तान्नें र जिब्राको फेदमा काटने गरी जिब्रो पूरै फर्कने पार्नु पर्दछ। यस्तो अभ्यास गर्दा जिब्राको टुप्पामा नुनिलो अमिलो र आखिरमा गुलियो स्वाद आउन थाल्दछ। यसको अभ्यास गर्दै जादा समाधि हुन्छ।

५ षटकर्म—हठयोग गर्ने योगीहरू एकै स्थानका वसी रहदा शरीरको व्यायाम विना स्वास्थ्यमा खरावी हुने हुदा रोग निवारण गर्न र हठयोगको साधनाको निमित्त षटकर्म गर्दछ। षटकर्ममा धौति, नेति, वस्ति, त्राटक, नौली र कपाल भाति पर्दछन।

(क) चार अमल चौड़ा करिव पन्ध्र हात लामु कपड़ा भिजाएर निल्नु र पछि वमनवाट वा विस्तारै तानेर निकाल्नुलाई धौति भन्दछन। धौतिको अभ्यासवाट कफ, वायु, र पेटको विकार निको हुन्छ भन्ने लेखिएको छ।

(ख) वस्ति—नाभि सम्मको पानीमा खुट्टाका आगाड़ी भाग पैतालाले टेकि दुवै कुरकुच्चा उठाई गुरुद्वारवाट पानी पेटमा खिचनु र दिसा साफ गर्नुलाई बस्ति भन्दछन।

(ग) नेति—नाकवाट १२ अंगुल लामो डोरी (सानु, मसिनो) हालेर मुखवाट निकाली घारधुर गर्नुलाई नेति भन्दछन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(घ) त्राटक आफ्ना अगाडी सानु केही चिह्न लगाई हेरी रहनु लाई त्राटक भन्दछन ।

(ङ) पेटलाई दाँया वाँया घुमाउलाई नौली भन्दछन ।

(च कपाल भाति—भस्त्रिका व्याम जस्तै सार छिटो छिटो खिच्नु छोडनुलाई कपाल भाति भन्दछन ।

(छ) ब्रह्म दण्ड (ब्रह्म दातन)—कान्छी औंला 'जत्रो एक डेढ हात को खिरलो डोरी मुखवाट निल्नु र एक छेउ समाई तान्नु यसलाई ब्रह्मदण्ड भन्दछन ।

(७) कुंजल—पानी पिएर वमन गर्नुलाई कुंजल भन्दछन ।

(८) कुण्डलिनी—कमल नालको डोरी जस्तो रूमको सर्पाकार वस्तुले शरीरको कन्डनाभी देखि मुनी योनिस्थान देखि माथि लिंग र त्यस माथिको (कन्ड) भागमा अण्डाकार रूपले साढे तीन फन्का वेरियर सुषुम्नाको द्वार वन्द गरेको छ । त्यो कन्द अण्डाकार मासुको भाग छ । हठयोग गर्दा केही मुद्रा गरेपछि कुण्डलिनी जागेर सो सुषुम्नाको द्वार छोडि दिन्छ र प्राणवायु सुषुम्ना भित्र पास मेरुदण्डको वाटो गरी शिरमा पुग्छ । तव समाधि हुन्छ । कुण्डलिनी जगाउन दशमुद्रा पनि गर्नु पर्दछ ।

(९) दश मुद्रा—महामुद्रा, महावन्ध, महावेध, खेचरी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उडयानवन्ध, मूलवन्ध, जालन्धरवन्ध, विपरितकरणी, वज्रोली र शक्ति-चालन दश मुद्रा हुन ।

(१) देब्रे खुट्टाको कुरकुच्चाले लिंग र गुडको विचमा राखेर दाहिने खुट्टा पसारेर दुबै हातले दाहिने खुट्टाको बुढी औला समाई पूरक कुम्भक गरी जालन्धर वन्ध गर्नु र विस्तारं रेचक गर्नु । यसलाई महामुद्रा भन्दछन ।

(२) महावन्ध :—देब्रे खुट्टाको कुरकुच्चो महामुद्रा गरेझैं राखी दाहिने गोडा वाया तिघ्रा माथि राखी प्राणायाम गर्नु-लाई महावन्ध भन्दछन ।

(३) महावेध :—दुबै खुट्टाको अगाडी भागले टेकी दुबै कुरकुच्चामा चाक राख्ने र घरि घरि चाक उचाल्दो राख्तै गर्नै प्राणायाम पनि गर्नु यसलाई महावेध भन्दछ ।

(४) खेचरी—जिब्रो उल्टा पार्नै, सो माथिनै लेखिएको छ।

(५) पेट डडेल्ला तिर तान्नु लाई उडीयान वन्ध भन्दछन ।

(६) कुरकुच्चा गुड र लिंग स्थानको विच भागमा राखी गुडा खुम्चाउनु लाई मूलवन्ध भन्दछन ।

(७) घाटीलाई खुम्च्याएर चिउरोलाई वलियो गरी छाती मा टास्नुलाई जालन्धर वन्ध भन्दछन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८) शीर्षासनलाई विपरितकरणी भन्दछन ।

(९) वज्रोली—बार अगुल लामो विचमा प्वाल भएको धातुको नली लिंगको विचको प्वालबाट विस्तारै भित्र पसाउनु । ५।७ दिनमा पूरा पसाउनु र फुकेर लिंगमा हवा पनि पसाउनु । पूरा पसाई सके पछि दुध-पानी पसाउने र हवा तान्ने छोडने अभ्यास गर्नु । यसलाई वज्रोली भन्दछन ।

(१०) कुण्डलिनी चलाउनु वा जोगाउनुलाई शक्ति चालन भन्दछन ।

(११) षटचक्र चिन्तन :—

शरीरको निम्न भागमा निम्न चक्र र देवता आदि बताई तिनीहरूको ध्यान जप सख्या बतायको छ । मूख शिर बाहेकनै षटचक्रको वर्णन हो । शरीरको मुख्य भाग शिर हुदा शिरलाई पनि चिन्तनमा राखिएको भएता पनि षटचक्रनै भनिन्छ । सो चक्रको चिन्तागरी महेश्वरको ध्यान गरे सिद्धी मिल्छ भने बताईन्छ ।

चक्रको नाम	स्थान	देवता	कमलपत्र सख्या	जप संख्या
मूलाधार	गुडद्वार माथि	गणेश	४	६ सहे
स्वाधिष्ठान	लिंग मूल	ब्रह्मा	६	६ हज्जार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मणिपुर	नाभि स्थान	विष्णु	१०	६ हज्जार
अनाहत	हृदय स्थान	शिव	१२	६ हज्जार
विशुद्ध	कण्ठ स्थान	जीवात्मा	१६	१ हज्जार
आज्ञाचक्र	आँखि भौं	परमात्मा	२	,, ,,
सहश्र दल	शिर	गुरु (परमेश्वर)	हज्जार	,, ,,

उपरोक्त क्रयाहरू समाधि गराउने उपायमा वताईएको छ। यसवाट शरीर मोटो वा कुनै रोगग्रस्त भए सो छुटाउन र शरीर स्वस्थ रहोस भन्ना खातिर पनि गरिन्छ।

११ छायापुरुष :—वत्तिको प्रकाश सूर्य वा चन्द्र पछाडी पट्टी पारी आफ्नो छायालाई एकटकले हेरी केही वेर पछि स्वच्छ आकाशमा हेरे आफ्नो छाया स्पष्ट देखिन्छ। सो वरावर अभ्यास गरे सेतो छाया हुने र टाढा टाढाको वस्तु पनि देखिन्छ भन्ने वताईएको छ। छायाको स्वरूपलाईनै छाया पुरुष भन्दछन।

अजपा गायत्री :—

सास वाहिर फेक्दा 'ह' उच्चारण हुने र भित्र तान्दा 'स' उच्चारण हुने भई सास फेर्दा निस्केको आवाजवाट 'हस' आवाज वा शब्द वन्दछ। वरावर सास फेर्दा 'सोहं' हुने र त्यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्याख्या गर्दा "स्व ग्रहम" सस्कृतको व्याख्या गर्दा त्यो महुँ हुदा त्यों (परमेश्वर) महुं भन्ने ज्ञान वोधक महा वाक्यको २४ घटामा २१६०० पल्ट जपिन्छ । गायत्रीको 'भूः' शब्दलाई गायत्री छन्द वताईएको हुदा 'हस' लाई पनि गायत्री छन्दनै मानिएको छ। नजपी कनकै यो मन्त्र जपिने हुदा अजपा रहेको छ। सो जप त्यसै खेर नजावस भन्ना खातिर र खास गरी षडचक्र वा उपरोक्त सातचक्रको चिन्तन गर्नेहरू प्रातः उठेर मानसिक पूजागरी उक्त जप गणेशलाई छ सय ब्रह्मालाई छ हजार, विष्णुलाई छ हजार, शिवलाई ६ हजार, जीवात्मालाई एक हजार र गुरू परमेश्वरलाई एक हजार चढाउनु। अथवा निम्न श्लोक पढनु।

षटशतं गणनाथाय षटशहश्रं च वेधसे ।
षट शहश्रं हरये षटश्रं हराय च ॥ ॥
जीवात्मने सहश्रं च सहश्र परमात्मने ।
चिदात्मने सहश्रं च जप संख्य निवेदये ॥

सिद्धिःयोग र योगका उपयुक्त मुद्राहरूको साधनावाट समाधि गराउने उदेश्यहो। समाधि हुनु भन्दा पहिले र समाधि भैसके पछि पनि आपनो योग साधनाको स्तर अनुसार अनेकौं सिद्धि प्राप्त हुन्छ। सिद्धि मुख्य आठ प्रकारको वताईएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिद्धिवाट अनेकौं शक्ति प्राप्त हुन्छ । नदेखेको देख्नु, पानी वा आगोमा हिंड्नु, ज्ञानस्फुरणभै विज्ञान जान्नु याने भूत, वर्तमान, भविष्य जान्नु । यो सवै जान्दैनन । कसैले योग सिद्धि गरि जानेमा गुह्य धर्म याने वताएमा शक्ति कम हुने हुदा वताउदैनन । यदाकदा योगी, महात्मावाट विचित्रका कुया वा शक्ति वताएको वा देखाएको सुनिन्छ । योग पूर्ण सफल नहोस भनी लौकिक वस्तुमा लोभ्याउन यो शक्ति प्राप्त हुन्छ । यसमा न लोभिए वढी योग साधना गरे वढी सिद्धि प्राप्त भै प्राकृतिक नियम भन्दा ठूलो शक्ति पनि प्राप्त हुन सक्छ ।

मोक्ष :—योगवाट प्राप्त महान शक्ति वा सिद्धिमा पनि न लोभिई मोक्षको इच्छा गरेमा मात्र मोक्ष प्राप्त भै जन्म मरण छुटछ । मोक्षको इच्छा राख्ने सिद्धि र सिद्धिवाट प्राप्त हुने लौकिक सुख त्यागी जीवन्मुक्त भै जीवन विताउछन र मोक्ष प्राप्त गरी सदाको लागी जन्म मरणको वन्धन छुटाउछन । मोक्ष चहाने स्वर्ग चहादैन किनभने स्वर्गको सुख पछि फेरि जन्म हुन्छ । त्यसैले ब्रह्म ज्ञानी मोक्ष चहान्छ । यही मोक्षको अन्तिम लक्ष हो । ●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर-ब्रह्म एवं साक्षात्कार

संसारमा जे जति वस्तु छन, ती सबैको कोही नकोही कर्ताको रूपमा रहेको हुन्छ। यो ब्रह्माण्ड सृष्टि कर्ता पनि कोही थिश्रो र छ भन्नु पर्दछ। त्यही कर्तालाई यहाँ पर-ब्रह्मको नामवाट व्याख्या गरीएको छ। दैवि शक्ति सम्पन्न पुरूष राम, कृष्णलाई पनि भगवानको अवतारको रूपमा मानेर आएका छौं। भाषाको भिन्नताले वा भगवानका अनेकौं विभूति अनुरूपका नाम र काम अनुरूपको स्वरूपको चिन्तना गरी स्वरूप र नाम भिन्ना भिन्नै भए पनि ईश्वर एकै मान्नु पर्दछ। अद्वैत रूपमा एक ईश्वरनै मान्दा पर-ब्रह्म नामवाट यहा निदष्ट गरिएको छ। जहा ब्रह्माण्ड को सृष्टि हुनु भन्दा पहिले वीज रूपमा सृष्टि रह्यो, वा जसको माया वा प्रकृतिवाट सृष्टि हुन्छ जसको अन्त्यको सिमा छैन त्यस्ता अद्वैत कर्तानै परब्रह्म परमेश्वर हुन। 'पर माने अन्त्य' अन्त्य भन्दा सकिनु, सिमा नभै अपार भन्ने भाव हुन्छ। विश्व ब्रह्माण्ड (सूर्य, चन्द्र, पृथ्वी ग्रह नक्षत्र, आकाश र यीनमा रहेका स्थावर जंगमम तमामलाई ब्रह्माण्ड भनिन्छ। यस्ता ब्रह्माण्ड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेकौं खन) यो एकको पनि अधिष्ठातालाई ब्रह्म सम्बोधन गरिन्छ । त्यस्ता अपार शक्ति देखि परब्रह्म लाईनै एकमात्र ईश्वर को रूपमा सम्पूर्ण शाश्त्र ले मानेको छ ।

त्यस्ता परब्रह्मको अलौकिक शक्ति, ज्ञान, स्वरूपको एकअंश सम्म पनि थाहा न भएका अल्प शिक्षितहरु साधारण दुख वा आफ्नो भावना पूर्तिको लागी मन्दिरमा शिर झुकाई कामना पूर्ति-को भावना राख्ने र नदेखेको ईश्वरको स्थायित्वमा संसय भाव राख्ने आधुनिक जवानामा धेरै पाइन्छन । भौतिक शिक्षा पाएको र भौतिक सुखको इच्छा राख्ने व्यक्ति ईश्वरीय भाव देखि परनै हुन्छ । यो पर भावबाट आधुनिक भौतिक सुख भोग गर्न बन्देज हटगे र क्षणिक सुखको अनुभव गर्नी सुविधा हुन्छ । अध्या-त्मिक सुखको अनुभूति गर्नी आध्यात्मिक नियम अनुरुप आचरण गर्दा यम, नियम आदि भिन्न पर्नी अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य अपरिग्रह, जस्ता अनेकौं नियमको पालन गर्नु पर्दछ । उल्लेखित नियमको जुनै भावनाले भएपनि केही अंशमा पालन गर्दा पल पलमा फायदा हुने स्पष्ट छ । आधुनिक विश्व प्रख्यात नेता, साधु-महात्माले आफ्नो भावना अनुरुप पालन गरेका छौं र विश्व प्रख्यात भएको देख्त छौं । सर्व साधारण अल्पज्ञ, भौतिक सुख-भोग मात्र हेर्नेले यो नियमहरु पालनगर्न निश्चयगै सक्तैन । सुखको इच्छा राखी पालन गर्नी खोज्नु कल्पनातित छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलौकिक दैविक अनुभूति देखि टाढा रहेका, अल्पज्ञ पर ब्रह्मको अस्तित्वमा द्विविधामा परेको पाइन्छ भने कोही नदेखेको, अनुभव नभयेको, ईश्वर कहाँ छ ? कस्तो छ ? भन्ने तर्क गर्दछ। अनिश्वरवादीहरू प्रकृति वा विकासवादवाट भएको सृष्टिलाई ईश्वरीय नमान्ने र नदेखिने ईश्वर हुदा छैन भन्दछन।

यो छ छैन भन्ने तर्क अनादि काल देखि अनन्त काल सम्म चलि रहने हो तापनि धार्मिक दर्शनको आधारमा निम्न प्रमाण प्रस्तुत गर्दछु।

१. पर-ब्रह्मको स्थोयित्व ( ) :—

तर्क शास्त्रानुसार हाम्रा पंच ज्ञानेन्द्रियहरू, मन र बुद्धिले अनुभव भए गरेको वाट ज्ञान प्रात हुन्छ। यो अनुभवलाई प्रमाण मानिन्छ। आफूले अनुभव नगरेको, न देखेको पनि सुनेर ज्ञान प्राप्त गरिन्छ। यसरी विवेचना गर्दा प्रत्यक्ष (देखेर) अनुभव (अनुभूति इन्द्रिय द्वारा गरेर) अनुमान (विचार तर्क गरेर) र प्रमाण (प्रामाणिक रूपवाट सिद्ध गरेर) द्वारा ज्ञान प्राप्त हुन्छ।

पंच ज्ञानेन्द्रिय, अथवा आँखा, नाक, कान, छाला, जिब्रो र मन एवं बुद्धिवाट हुने ज्ञानलाई प्रत्यक्ष ज्ञान भन्दछन। डोरो सर्प जस्तो देखिने (रज्जु सर्प) प्रत्यक्ष हुदा हुदै असत्य हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कसैले भनेको वाक्य, पुस्तकमा खवर कागजका कुरा पनि सबै सत्य हुदैनन्। त्यस कारण भनेका कुरा मध्ये विश्वासी, सत्य बोल्ने पत्याउन लायकको वचनलाई आप्त वचन भनिन्छ । सो मात्र पत्याउनु प्रमाण मान्नु भनिएको छ। शास्त्रमा अतिशयोक्ति पनि हुन्छ। सो सबै सत्य मान्न सकिदैन । आधुनिक खबर कागजको लेखाई पनि सबै सत्य हुदैन। त्यस कारण प्रमाण वाट भएको ज्ञान पनि सबै सत्य हुदैन। अनुमानवाट विचारेका कुरा पनि सबै सत्य हुदैनन्। भोकाएका वा तिर्खाएका वेलाको खाना मिठो स्वादिलो हुन्छ। त्यही रोगी वा अनिक्षाको समय नमिठो हुन्छ। यसरी अनुभव सिद्ध पनि सत्य समान रूपमा रहदैन। एक वस्तु देखेर अर्काको अनुमान जो गरीन्छ सो सबै सत्य रहदैन। यसरी प्रत्यक्ष, अनुभव, अनुमान, प्रमाण ज्ञानका साधन वाट प्राप्त ज्ञान सबै सत्य हुदैन। त्यस कारण सर्वभौम सत्यलाई मान्न सत्य ज्ञान मान्नु पर्दछ।

(क) आफूले मात्र प्राप्त गरेको ज्ञानलाई सर्वभौम सत्य मान्नु हुदैन। उचित प्रमाणित अनुभव वा अनुभूतिवाट भएको सत्य ज्ञानलाई मात्र मान्नु पर्दछ। भूगोलवाट हुने वा देख्नेले वताए अनुसार आफूले नदेखे पनि अमेरीका आदिको तथ्य कुरा पत्याउनु पर्दछ। त्यस्तै सम्पूर्ण वेद, शास्त्र श्रुति स्मृतिहरुले ईश्वरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अस्तित्व बारेमा प्रमाणित रुपबाट वर्णन गरेको हुदा आफूले नदेखे-को भएता पनि भूगोल वा अरुले भनेको आधारमा अमेरीका वा विश्वघटना सत्य मानेझैं शास्त्रिय र सिद्ध ऋषिहरुबाट प्रमाणित ईश्वरको अस्तित्व बारे पत्याउनु पर्दछ ।

(ख) नभएको वस्तुबाट नया वस्तु बन्न वा निस्कन सक्तैन । दुधबाट नौनी, माटोबाट घैला, सुनमा गहनाको आकार प्रकार अव्यक्त रूपमा रहेको हुन्छ । नदेखिगे नौनी घैला गहना बनाउनु व्यक्त भएको झैं अव्यक्त बीज रुपमा रहेको ईश्वरलाई ब्रह्माण्डको बीज रूपमा मान्नु पर्दछ ।

(ग) माटाको घैला देखि पछि यो बनाउने कुराले थिप्रो भन्ने अनुमान हुन्छ । कर्ता विना केही वस्तु बन्न सक्तैन । घट, प ादि वस्तुको कर्ता मान्छौं भन्ने यो ब्रह्माण्डको पनि कोही न कोहि कर्ता मान्नु पर्दछ । सो कर्ताको रूपमा सोही ईश्वर रहेकोछ ।

(घ) ब्रह्माण्डको सृष्टि विकासवाद, वा प्रकृति पनि मान्दछन । कुनै कल पूर्जा आफै चल्ने स्वचालित हुन्छ तापनि पहिले सचालन गर्न पनि शक्ति चाहिन्छ । सो पहिलो शक्ति संचालन वकासवादको विकास क्रया सचालक, प्रकृतिको प्राकृतिक नियम संचालक एक शक्ति वा कर्ता हुनु पर्छ । सो विकासवाद वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकृतिको जुन कर्तव्य शक्ति हो सो शक्तिने ईश्वरमा निहित छ। विना आधार आउन, उभिन सक्तैन। त्यै हे आधार शक्तिने सत ईश्वर मान्नु पर्छ।

(ङ) बाल्यावस्थामा मरेका आमा बाबुको संज्ञना बालकलाई ठूलो भएपछि पनि हुँदैन। व्यक्तिका आमा बाबू मान्नै पर्दछ। बीजरूपमा रहि यस्तो जगत र जीवको कर्ता जगत र जीवको पिता माताको रूपमा जगत पिता भएर ईश्वर रहेको हुँदा र ईश्वको अस्तित्व नमानेर बु आमा विनाको सन्तान मानेझैं अप्रमाणी हुन्छ। अतः जीवको बीज रूपमा रहेको ईश्वर मान्नु पर्दछ।

(च) कति जीवधारी वस्तुने पनि हामी आँखाले देख्न सक्तैनौं। वृक्षादिको जीवछ भन्ने वैज्ञानिक प्रमाण छ तापनि देखेका छैनौ। स्थुल जीवलाई हाम्रा इन्द्रियबाट देखेर समेत अनुभव भएको छ। सुक्ष्म जीव, पाती वा माटा मुनीको देख्तैनौं। नदेख्ने वित्तिकै सो वस्तु छैन भन्न सकिदैन! कुनै पनि यन्त्रहरूको आविष्कार हुनु भन्दा पहिले सो यन्त्रबाट पाउने उपलब्धी पाइएको थिएन। यन्त्रको सहायताले टाढाका वस्तु देखेका वा सुनेका छौं। अतः इन्द्रियले अनुभव नगरेका वस्तुहरू छैनन भन्न सकिदैन। इन्द्रियले अनुभव सर्वसाधारणको सामान्य अवस्थामा ईश्वरको अनुभव भएन भन्दा सो ईश्वर भन्न सकिदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपरोक्त तर्कको अलावा सम्पूर्ण शास्त्रले ईश्वरको अस्तित्व मानेको छ। श्री कृष्णले गीतामा भन्नु भएको छ ।—

(क) वीजं मां सर्व भूताना—७।१०

(ख) विद्या विनय संपन्ने ब्राह्मणे गवि हस्तिनि
शुनि चैवश्वपाके च पण्डिताः समदर्शिन—५।१८

(ग) 'यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति—६।३०

(घ) सर्व भूत स्थित यो मां—६।३१

(ङ) मया तत मिदं सर्वं जगद व्यक्त मूर्तिना
मत्स्थानि सर्वभूतानि नचाहं तेष्व वस्थित—९।४

(च) प्रकृतिं स्वामवष्टभ्य विसृजामि पुनः पुनः
भूतग्राम मिमं कृत्स्न म वशं प्रकृते वंशात्—९।८

(छ) पिताहमस्य जगतो माता धाता पितामह—९।१७

(ज) अहमादिश्च मध्यंच भूताना मन्त एवच—१०।२०

श्री कृष्णले सम्पूर्ण भूत जगतको आफू वीज रूपमा रही वहाँबाटनै सृष्टि भएको, ठूलो-सानो, उच निच सम्पूर्णमा आफू सम रूपमा रहेको र वहामा सम्पूर्ण चराचर निर्भर भएको सांख्यको प्रकृति र वेदको माया वहींनै भएको र वहलिनै वरावर सृष्टि गर्ने, जगतको पिता, माता, पालन एवं संहारकर्ता वहांनै भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पूर्ण भूत चराचर ब्रह्माण्डको आदि मध्य र अन्त्य वहानै भएको बताउनु भएको छ। गीताको दशौं अध्यायमा ब्रह्माण्ड मात्र नभै त्यसको इकाई रूपमा रहेको सुख-दुख, सफलता-असफलता, जन्म मृत्यु, ज्ञान-अज्ञान, आदिको साथै संसारमा भएको विशिष्ट वस्तुमा वहानै भएको र वहाकै अनुकम्पाबाटनै सो वस्तु रहेको बताउनु भएको छ। प्रत्यक्ष प्रमाणको रूपमा एघारौं अध्यायमा आफ्नो विराट रूप अर्जुनलाई देखाउनु भयो। विराट रूपमा अर्जुनले त्यस विराट देह तिनै लोक, देव-दानव, पशुपक्षि, ग्रह नक्षत्र, जल-स्थल, को साथै महाभारतको युद्धमा मर्न तैयार भए-का योद्धाहरू कालको मुखमा परी डढी मरि रहेको देखे। यसरी अर्जुनले दिव्य चक्षु द्वारा देखे पछि म-मेरो भन्ने विनम्र हटी प्रत्यक्ष प्रमाणित गरी दिएको छ।

भौतिक चक्षुले नदेख्ने हुदा दिव्य चक्षु द्वारा मात्र देखिएको छ। सर्व भौतिक वस्तु पनि यो चर्म चक्षुले नदेख्ने हुदा दुर दर्शक एव सुक्ष्म दर्शक यन्त्रको सहायताबाट हेर्ने र देख्ने गरेका छौ भने पारलौकिक वस्तु देख्न योग साधन गरी भित्री दिव्य चक्षु (ज्ञान रूपी आंखा) द्वारा हेर्नु पर्छ। जुन वस्तु जेगरेर पाईन्छ सोही गर्नु पर्छ। सात्विक भगवानलाई हेर्न-राजसिक एवं तामसिक गुण छोडी पूर्ण सात्विक गुण प्रधान बनेर गुणातित हुनु पर्छ। सिद्ध योगी महात्माहरूले योगको नियम पालन गरी सिद्धि प्राप्त गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिएको वा सुनिएको छ। त्यस कारण योगबाट भगवानको प्रत्यक्ष अनुभूति हुन सक्छ भन्ने प्रमाणित हुन्छ।

अतः उपरोक्त प्रमाणहरूबाट सत्‌सचिदानन्द स्वरूप भगवानको छ भन्न करैलनदछ, छैन भनि अज्ञान वस तर्क गर्नु अन्धा वा लाट कोसिराले दिनको अनुभव नगरी छैन भन्नु सरह व्यर्थको अज्ञान पूर्ण तर्क मात्र हुन्छ।

२. ब्रह्मको स्वरूप एवं गुण :—

ब्रह्मको स्वरूप एवं गुण बारेमा केही भन्नु महासागरको आदि अन्त्य एक माछाले पत्ता लगाउन खोज्नु जस्तो मात्र हो, तापनि, ब्रह्म जिज्ञासा राख्दा केही चर्चाको रूपमा सम्म बताउन यहाँ प्रयत्न गरिन्छ। माथि 'ॐकार' शिर्षकमाने नाम रूप बारेमा केही प्रकाश पारिएको छ। वेदले "नेतिः नेतिः" यतिमात्र होइन भनि वेदमा वर्णातित ठहराइयको छ। त्यस्ता वर्णातित्, गुणातित्, निराकार ब्रह्मको स्वरूप र गुण के हुन सक्छ ?

(क) अद्वैत स्वरूप :—कुनै पनि वस्तु देखिए पछि त्यसको कर्ताको रूपमा कोही न कोही मान्नु पर्दछ। एक बालक देखिए पछि बाबु आमा मान्नु, पर्नो, घडा देखिए पछि कुमाले मान्नु पर्ने यो अभिन्न सम्बन्ध भएको हुदा यत्रो ब्रह्माण्ड चराचरको कोहीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोही कर्ता मान्नु पर्दछ । बढदै गएको जनसंख्या छ ता पनि पाच भाई छोराको एक बाबु र बाबु काका आदिका एक बाबु गर्दै मानव जातिको पुरानो वंश क्रम संझने हो भने मानिसको विकाशको सुरुमा एक बाबु आमा मान्नु पर्छ । हाम्रो शास्त्रमा आदि मानवमा आदि मनु र सतरूपालाई मानेको छ । सम्पूर्ण मानव जाति मनुका सन्तान मानिन्छन । समयको क्रमले वर्ण भेद जाति देखि एता पनि आदि पुरुष मनु हुन । मनु र सत्तरूपा (बाबु मनु र आमा········) भए पछि उसका पनि सृष्टिकर्ता कोही हुनु पर्छ । विकासवादको आधारवाट सृष्टिको क्रममा पृथ्वि जल, तेज, हवा, शव्द भएपछि जलवाट अनेकों क्रम सेल, माछो, कछुवा, गोही, भएपछि जल र स्थलमा वस्न सक्ने कछुवा हुंदा अनेकों जीवको विकास हुदै वानर र त्यसको पुस्तोको विकाशमा मानव भयो । सो पहिलो मानव मनु हुन । अवतारमा दया मत्स्य, कुर्म वराट गर्दै दशावतारमा राम, कृष्ण, बुद्ध जस्ता सभ्य र शिष्ट मानवको अवतार मानेको छ । यसरी भाषा भिन्न भए पनि सार रूपमा विकाशवाद र अवतारवाद एकै किसिमले क्रमिक परिवर्तन हुदै आएको पाइन्छ । आदि मनुको पिता रूपमा वैज्ञानिक विकाशवादको आधारवाट सेल (Cell र सो सेल देखि पुरको पितामा विकाशवादलाई क्रमिक अघि वढाउन सक्ने केहि शक्ति मान्नु पर्छ । जुन शक्तिवाट विश्वमा विकाशवाद छिन्न भएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीताको दशौं अध्यायमा शक्तिवानको शक्ति, तेजवानको तेज स्वः रूपमा भगवानने रहेको हुदा वैज्ञानिक विकाशवादको चक्र सुचारू रूपले चलाउने "सनातन" नामको जुन शक्ति हो सो नै महुं मनेर बताए अनुसार पारलौकिक शक्तिमा निहित राखी भगवानएक पिता मान्नु पर्छ। "वीजंमां सर्वं भूतानां" भने र सर्व भूतको ब्रह्म वीज रूपमा छ भने ब्रह्म देखी भिन्न अर्कोको आधारवाट उत्पन्न सृष्टि भएको र कर्ता अर्को भएको भन्न तर्क संगत हुदैन। विकाश-वादको शक्ति सम्पन्न प्रकृति वा तत्व सांख्यको जड प्रकृति भन्दा भिन्नहुन आउंछ। एकैमा प्रकृति र पुरूष (बीज रूप पुरूष र सोको विकाश गर्न सक्ने शक्ति भएको प्रकृति) मान्दा वेदको 'माया' वादमा भिन्नता आउदैन। चेतन पुरूष र जड प्रकृति मान्ने हो भने पुरूष र प्रकृतिको एक रूपनै सत्-चित् ब्रह्म हो। त्यहि-ब्रह्म लाई शिव-शक्ती, पुरूष प्रकृति जे भनें पनि एकै अर्थको ब्रह्म निर्दिष्ट हुन्छ। त्यस शक्ति स्वरूप सत् चित् तत्व ब्रह्म हुने र स्वतः अद्वैत हुने र त्यो अद्वैत पुरूषनै परब्रह्म स्वरूप भगवान हुन्छ।

धेरै फुलहरू एकरूपमा धागोमा गासिदा माला बन्छ। धागो नहुदा मालाको अस्तित्व हुदैन। त्यसै गरी जीव चराचरको जीव रूपमा एक तत्व छ र जातीय रूपमा अनेक तत्व छन। एक आपो वाट अनेक झिल्ला, अनेक नदीवाट एक समुद्र, एक धागोवाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेक बुट्टा र कपडा बने जस्तै एकै अद्वैत ब्रह्मवाट अनेक ब्रह्म सृष्टि द्वैत रूपमा मान हुन्छ। अद्वैत धागोवाट द्वैत कपडाको भिन्नता हटनु ज्ञानवाट अज्ञान हटनु हो। ज्ञान हुदा विभिन्न बुट्टा वनाउने धागाको अद्वैतता आई एक हुन आउँछ तत्व ज्ञान हुदा अज्ञान हटी द्वैतको भिन्नता हटाई स्वतः अद्वैत ब्रह्म सृष्टि कर्ता भगवान सिद्ध हुन आउछ

(ख) निराकार एवं गुणातित अद्वेत ब्रह्म :—

भगवान सत्‌चित रूपमा मात्र रहँदा सम्पूर्ण ब्रह्मण्डको वीज स्वरूपमा मात्र रहने र अव्यक्त वीज रूपमा रहदा सो वीज वाट उत्पन्न हुने सृष्टि अव्यक्त अदृश्यनै हुन्छ । सत वस्तुको स्वरूप हुदैन । स्वरूप नभए पछि निराकार हुन्छ । निराकार अव्यक्त रूपमा निर्विज हुन्छ । यसरी निराकार, निर्विज भगवान को स्थिति सृष्टि हुनु भन्दा पहिलेको अप्रपंञ्जातको स्थितिमा गुण गुणातीत भै निर्गुण हुन्छ। यसरी गुणातित-निर्गुण, निराकार ब्रह्मको गुण र रूप मानिन्छ । सृष्टि भन्दा पहिले अव्यष्टि रूपमा गुण र रूप के हुन सक्छ ? वर (वट) वृक्षको वीजमा वट वृक्षको विशालता व्यक्त रूपमा हुदैन व्यक्त नभएको वर वृक्षको विशालतालाई यस्तो विशाल छ भन्न सकिदैन । त्यस कारण निर्विजरूपको स्थितिको सत्, चित् रूपी ब्रह्म निराकार, निर्गुण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वतः हुन्छ । ब्रह्ममा विकार पैदा हुदा वेद वर्णित 'ब्रह्मको माया प्रकट हुने र सो मायावाट सृष्टि हुन्छ । अतः सृष्ट हुनु भन्दा पहिलेको व्यष्टि रूपको निराकार निर्गुण, सत्-चित स्वरूपको सर्व शक्ति सम्पन्न भगवानलाई नै अद्वैत ब्रह्म मान्नु पर्दछ ।

(ग) द्वैत स्वरूप अद्वैत ब्रह्म :—

व्यक्तिमा इच्छा उत्पन्न हुदा नाना प्रकारका कर्म गरेझैं ब्रह्ममा इच्छा स्वरूप मायाको उत्पत्ति हुदा संसार चर चरको सृष्टि हुन्छ । "एकोऽहं वहुश्यामं एक ब्रह्मले धेरै हुने कल्पना गर्दछ र विभिन्न सृष्टिको क्रम चल्दछ । वीज रूपी सत्‌वाट प्रकट हुदा व्यक्त संसार वन्द छ । सृष्टिमा अनेकौं गुण प्रकट भए । गीताको दशौं अध्यायमा देव-मानव, गुण-अवगुण, लगायत संसार नै ब्रह्ममा अवस्थित रहेको वर्णित छ । एघारौं अध्यायमा विराट रूप देखाई प्रत्यक्ष प्रमाणित गरिएको छ । ब्रह्ममा अवस्थित रहेको सम्पूर्ण गुण र रूप अनुसारका छुट्टा छुट्टै रूप र नाम भक्ति श्रद्धाको आधारमा मानिन थालियो । सयकडौं देवदेवीको रूपमा आफ्ना कूलधर्म परंपरा जाती देश अनुसार पूजिन र मानिन थालिए । वीज रूपमा एकै ब्रह्म छदाछदै गुण र रूपको आधार वाट अनेक भएर पूजिन थालिए । जस्तै :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(क) त्वमेव माता च पिता त्वमेव ।
त्वमेव बन्धुश्च च सखा त्वमेव ॥
त्वमेव विद्या द्रविण त्वमेव ॥
त्वमेव सर्वं मम देव देव ॥

(ख) यस्य स्मरण मात्रेण जन्म संसार बन्धनात ।
विमुच्यते नमस्तस्मै विष्णवे प्रभ्र विष्णवे ।
नम समस्त भूताना मादि भूतम भूभृते ।
अनेक रूप रूपाय विष्णवे प्रभ विष्णवे ॥

(ग) अनेक बाहू दर वक्त्र नेत्रं, पश्यामि त्वां सर्वतोऽनन्तरूपम ।
नान्त न मध्यं न पुनरत वादि, पश्यामि विश्वेश्वर
विश्वरूप ॥ —गीता ११।१६

उपरोक्त श्लोकमा श्री विष्णु स्वरूप भगवानलाई माता, पिता, बन्धु, धन र संसारको आफनो भन्ने सम्पूर्ण मानेको छ र यस्ता विष्णुको स्मरण मात्रले संसारको जन्म मरण रुपी बन्धन नाश हुन्छ त्यस्ता भगवानलाई नमस्कार गर्छु भनेकोछ । अर्जुनले धेरै हात, आंखा ठूलो मूडो भएको अनन्त रूप वाला आदि, मध्य, अन्त्य नदेखिने र जानि न सकिने यस्ता विश्वका ईश्वरको विराट रूपको दर्शन पाएर वर्णन गरेका छन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(घ) सहस्त्र शिर्षा पुरूष–सामवेदमा एक सय सिर, हात, पाउ, आँखा आदि भएका पुरुषको वर्णन छ। त्यहि पुरूषलो व्रह्म स्वरूप मानेको र गीताको विराट रुप सरहको ब्रह्म छ ।

(ङ) माता रामो मत्पिता रामचन्द्रः ।

स्वामी रामो मत्सखा रामचन्द्रः ।।

सर्वं स्वमे रामचन्द्रो दयालु ।

नान्य जाने नैव जाने न जाने ।।

यसरी रामचन्द्रलाई मातः, पिता, मालिक, साथी, मानेर त्यस्ता दयालु रामचन्द्रलाई आफ्नो सर्वस्व मानी आफ्नो अन जानता स्वीकार गरीएको छ ।

यसै गरी ब्रह्मा, विष्णु, महेश्वर राम कृष्ण देव, देवीका अनेकौं नाम रूपका स्तुति भएको सवबिदितै छ । शक्तिरूपमा भगवतीको स्तुति ग्रर्दा काली, सरस्वती, लक्ष्मी, नवदुर्गा भगवती आदिकों अलग अलग रुप र शक्तिको अराधना गरिन्छ ।

(च) सर्वं रूप मयी देवी सर्वं देवी मय जगत ।

सम्पूर्ण देवी रुपभएको र सबै वस्तु जगत चराचर देवीमा नै रहेको वर्णन हुदा सबैमा म र ममा सबै अवस्थित छन भनेर गीतामा श्री कृष्णले भने सरह पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी आफ्नो विश्वास अनुसारका इष्ट देव देवी जे जुन रूपमा द्वैत स्वरूप मानी पूजा अराधना गरे पनि मैमा अर्पण हुन्छ । म देखि भिन्न केही छैन । भूत, प्रेत, तन्त्र, मन्त्र, होम, यज्ञ, जाप पाठ पूजा जे जुन रूपमा वा विधि अनुसार गरे पनि त्यो यज्ञको फल सिद्धि दाता मैं हूं, कहीं केही भिन्न छैन । भनि गीतामा श्री कृष्णले भन्नु भएको छ ।

यस कारण अद्वैत रूपमा बीज रूपमा ब्रह्म हुदा हुदै पनि व्यवहारीक एवं इच्छा, गुणको आधारले रूप एव साकार ईश्वर को अराधना गर्दा स्वतः द्वैत हुन्छ । भावना अद्वैत कार्य द्वैत हुदा द्वैता द्वैमु व्यवहारमा हुन आउछ । निर्गुण निराकार भगवानलाई साधकले आफ्नो समझ शक्ति र भावना प्रेरित भएर द्वैत वा अद्वैत मान्दछन । सत चित गुण भएका बीज स्वरूप भगवान निर्गुनर निराकार छ एक अद्वैत छ । अद्वैत भावना राखी द्वैत मानिएमा द्वैत मानिएको ठहर्दैन । यसरी अद्वैत हुदा हुदै द्वैत एवं द्वैताद्वैत हुन आउछ ।

शाश्त्रले 'ईसा वाश्यं मिद सर्वं यत्किन्चित जगत्यां जगत' भनेर एकापट्टी ईश्वरीय ब्रह्माण्ड र स्वरूप भन्छ भने अर्का पट्टी नेःती नेःती भनेर हार स्वीकार गरी अवर्णनीय सिद्ध गर्दछ । एस्ता ब्रह्मको रूप, नाम, गुण वर्णन हुन सक्तैन । शाश्त्रको विश्वास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राखो अद्वैत ब्रह्म मानेर निर्गुण, निराकार, सत, चित स्वरूप मानी संसार सृष्टिको वीज रूप मान्नु पर्दछ । भगवानका यस्ता अलौकिक गुणको केही अंश मात्र भएका र लोक कल्याणमा लागेका विभूति महापुरूषहरूलाई अवतारको रूपमा स्वीकार गरेका छौं । यस्तै क्रमले द्वैत हुनआएको मान्नु पर्दछ ।

३. ब्रह्म दर्शन वा साक्षात्कारका उपायहरू ः—

पर ब्रह्म परमेश्वरको साक्षात्कार गर्न सामान्य व्यक्ति जिज्ञासा एव ब्रह्मको पहिचान र परिक्षणको आधारवाट गर्न चाहन्छन भने योगी वा विभिन्न धर्म एवं मतका मतावलम्वीहरू आपनो साध्य अलौकिक वस्तुको प्राप्तिको लागि जिज्ञासु भई रहनु स्वभाविक हुन्छ । अत ब्रह्मको साक्षात्कार गर्न सबै इच्छुक रहेको प्रष्ट हुन्छ ।

गीताको चौथो अध्यायमा जव जव धर्मको ग्लानी, धर्मद्रोह वा असत्को वृद्धि हुन्छ, त्यस वेला धर्मको नाश र साधु सज्जनको रक्षा गर्न युग युगमा अवतार लिनेछु भनी श्री कृष्ण भगवानले भन्नु भएको छ । समाजका नराम्रा रिती रिवाजको वृद्धिवाट वढेको अराजकतालाई नास गर्न वरावर युग पुरूषको रूपमा महान नेता धर्म संरक्षक जन्मिएको इतिहास वाट देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राम, कृष्ण, बुद्ध आदि महापुरुषहरूलाई अवतार मानेका छौं। त्यस्तै अन्य महापुरुष भएको र वहाहरू आचरण शाश्त्र, निती अनुकूल रहनुको साथै समाज कल्याणकारी सिद्ध भएको छ। श्री कृष्णले गीतामा विभूतिको वर्णन गर्दा तेजीको तेज, गुणीको गुण सफलता, राजा आदिमा वहाँनै रहेको वताउनु भएको छ। सम्पूर्ण लौकिक वस्तुको सार तत्वमा वहाँनै रहेको वताइन्छ। गुण सम्पन्न युग पुरुषनै अवतारको रूपमा उपरोक्त कथनवाट स्पष्ट हुन्छ। अतः परब्रह्म स्वरूपमानै महात्मा, युग नेतालाई यहा मानिएको छ। जल, थल आकाश आदि पनि भगवानको व्यक्त रूपमा वताईएको हुदा यिनलाई पनि स्वरुपमै लिईएको छ।

टिकाकार कृष्ण कान्त अधिकारीले पचदशीको तत्वविवेक प्रकरणको श्लोक १८।१८ मा साक्षात्कार गर्ने सामार्थ प्राप्त गर्ने विराट भगवानको रुप वारे वताउनु भएको छ कि—"यो व्रह्माण्ड पंजीकृत (प्रत्येक पंञ्चभूत दुई भाग गरेर फेरि पहिलेको भाग प्रत्येक भूतको आधा चाहीं भाग) लाई चार भाग गरेर आ-आफ्नो भागलाई छोडेर दोश्रो भाग (अरु चार भूत सग) एक एक अश जोडी दिनाले ती पंचभूत पाँच २ भाग (पचिकृत हुन्छन) पचभूत बाट खडा हुन्छ। व्रह्माण्डमा पृथ्वी मुनि अतल, वितल, सुतल, रसातल, तलातल, महातल, पाताल श्लोक र पृथ्वी माथि अन्तरिक्ष, स्वर्ग महलोक. जन, तप सत्यलोक (एक लोक सायद पृथ्वी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

होकि ? लेखक) गरी श्लोक बन। यसरी पुराण धर्मशास्त्रमा १४ भुवनको वर्णन गरीएको छ। यो लोकहरुमा ईश्वरीय सकल्प द्वारा कर्मानुसार देव, मनुष्य, पशु, पंक्षी, सर्प भोगको आधार शरीर र ततल्लोको चित भोज्य पदार्थ उत्पान्न हुन्छन । समष्टि, सूक्ष्म, देहाभिमानी हिरण्य गर्भ यो समष्टि स्थूल देहको अभिमान ले वैश्वानर, विराट आदि नामले प्रख्यात हुन्छ । "पाताल मे तस्य हि पाद मूल" भनी विराट भगवानको सर्वात्मक रुप देखाए को छ। दृश्यमान स्थूल प्रपंच आकाशादि पंचभूत, तारा, नक्षत्र प्राणी, नदी समुद्र आदि सब विराट भगवानका अङ्ग हुन। यस प्रकार परमात्माले परा र अपर प्रकृति द्वारा व्याप्त भएको हुनाले, शास्त्र सम्मत कर्तव्य पथमा रही मित्र अह मम भाव खडा हुन न दिई निस्काम भावले प्राणी रुपमा वर्तमान विराटको सेवा, दया निस्कपट व्यवहार द्वारा, पूजा र सर्वत्र भगवद् भावना गर्नाले चित्त स्वयं शान्त स्थिर भई अह बुद्धि र जगातमा सत्यता बुद्धि थि थल हुदै परमातमा साक्षात्कार गर्न सक्ने सामार्थ उत्पन्न हुन्छ भनि सत्शास्त्र ले निर्देशन दिएको छ।"

'गीताका भक्ति योग और चतुर्बिध भक्त' का लेखक श्री रामचन्द्र शकर टाकोले कल्याण बिशेषांकमा प्रकाशित उक्त लेखमा लेखकको बिचारको सारांश यस प्रकार छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"गीतामा भक्तहरूको चार श्रेणी बताईएको छ ।

(१) आर्त अथवा द्वैत वादी—यस्ता भक्त आफूलाई परेको सांसारिक दुख हटाउन वा आफ्नो सांसारिक इच्छा पूर्ण गराउन सो गुण अनुरूपका देवी देवीको अराधना गर्दछन । तिनमा एक ईश्वर भन्ने ज्ञान हुदैन । भगवद भक्तिमा तीन प्रकारका दोष हुन्छन । (क) व्यवधान अथवा विच्छेद (ख) व्यभिचार अभिशुद्धता र (ग) निमित्त अथवा सहहेतुकता । सुख प्राप्तका लागी वा आफूले गरेका दोष मेटन, आर्तभक्तले गरेको भक्तिमा उपरोक्त तीन दोष देखि मुक्त हुदैन । यस्तो भक्ति वा आफ्नो दृढ निश्चयताको अभाव हुन्छ । द्विविधाबाट भक्ति सफल हुन सक्तैन । आफ्नो इच्छा नपुगेमा भक्ति देखि विमुख हुन्छ । यो भक्ति मन्द बुद्धिका मुमुक्षको कोटीमा आउँछ ।

२. जिज्ञासु वा ज्ञानको इच्छा राख्ने—यस्ता जिज्ञासुले सत्गुरू पाएमा सत्सगको आधारबाट उच्चज्ञान प्राप्त गर्न सक्तछ । ज्ञान एवं भक्तिको पहिलो सिढि जिज्ञासालाई लिन सकिन्छ । जिज्ञासा बढाउदै राम्रो ज्ञान प्राप्त गर्न सकेमा यस्तो जिज्ञासु भक्त ज्ञानी, वैरागी, योगी सबै हुन सक्तछ ।

३. अर्थार्थि वा सिद्धिको कामना राख्ने—धन पाउने अथवा सिद्धिको कामना राख्ने जिज्ञासुले राम्रो सग साधना गरे पछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृढताको आधारमा सानु ठूलो सिद्धि प्राप्त गर्न सक्छ। बढि सिद्धि प्राप्त गर्न वा सिद्धिबाट प्राप्त हुने सुख भोगमा नलोभिए र अष्टांगिक योगको साधनाबाट बढी सिद्धि एवं ज्ञान मोक्ष प्राप्त गर्न सामर्थ हुन सक्छ।

४. ज्ञानी अनेकौं तपस्या योग एवं साधनाबाट ज्ञान प्राप्त ज्ञानी भगवान सरह हुन्छ। 'समेयुक्तः' भनेर गीतामा भनिएको छ। यस्ता मुक्त योगी सदेह र मृत्यु परान्त दुई प्रकारले मुक्त हुन्छन। अतः साक्षात्कार गर्न सद् जिज्ञासा, सत्संगबाट सद्ज्ञान हुन्छ। सो बाट अनेकौं जन्म जन्मान्तरको प्रयत्न बाट मुक्ति हुन्छ। आजकल आर्त भक्तिलाईनै भक्ति र साक्षात्कारको बाटो मानेको हुदा मुक्षुले साक्षात्कार, सिद्धि ज्ञान एवं मोक्ष प्राप्त गर्न असफल भएका छन।"

पूर्वि वा पाश्चत्य दार्शनिकहरूले मानसिक स्फुरण याने इच्छा नरोकि पुनर्जन्मको बन्धन छुटन सक्तैन भने र बताएका छन। वैदिक शास्त्र मान्ने ऋषि मुनि महात्माको अलावा सनातन धर्म नमान्ने बुद्ध, महावीरले पनि भोग इच्छालेनै पुनर्जन्म हुने कारणमा एक मत भएको छ।

चित्त वृति रोकि स्फुरण नहुने व्यक्ति समाधिस्त अवस्थामा रहन्छ। जीवन रहदा रहँदै समाधिस्त व्यक्ति जीवन मुक्त ठहर्छन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाचुञ्जेल जति रहित हुदा मरणोपरान्त पुनर्जन्म हुदैन । यो शाश्त्रोक्त एवं दार्शनिक सत्य कथन छ ।

चित्त जति रोकिएको स्फुरण रहित अवस्थालाई तुर्य अवस्था बताइन्छ। यो माथिको एकाग्र अवस्थालाई कसैले तुर्यातित अवस्था हुन्छ र तुर्यातित अवस्थाले करिव करिव समाधिस्थ अवस्था मानेका छन। यी सबै समाधिका अवस्था हुन ।

पंचदशीमा टिकाकार श्री कृष्ण कान्त अधिकारीले ब्रह्मको साक्षात्कार गर्न चाहने व्यक्तिले मुमुक्षुले पालन गर्नु पर्ने चार साधन (पंचदशीको तत्व विवेक प्रकरणम पृ ४—५ मा) उल्लेख गर्नु भएको छ। सो अनुसार—

(१) नित्यानित्य वस्तु विवेक (एक ब्रह्म नित्य अरू सबै अनित्य)।

(२) इहा मुत्रफल भोग विराग (यसलोकको दृश्य पदार्थ र पारलौकिक स्वर्गीय सुख सबै अनित्य हुदा चित्तमा आशक्ति नहुनु)

(३) शम दमादि षट सपति—(क) शम (मन विषयबाट हटेर आत्म श्रोधोपयोगी श्रवणादिमा लाग्नु)

(ख) दम (इन्द्रिय निग्रह गर्नु)

(ग) उपराम (विधिपूर्वक कर्म सन्यासमा विषयबाट चित्त हटनु)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(घ) तितिक्षा (मान, अपमान, शीत, उष्ण आदि दुखलाई धैर्यपूर्वक सहनु)

(ङ) समाधान (अध्यात्म विषयक चर्चामा चित्त एकाग्र राख्नु)

(४) मुमुक्षा—(मोक्षको इच्छा राख्नु)।

सबै मुमुक्षले एकै प्रकारको इच्छा राखेका हुदैनन । भक्ति योग साधन आदि गर्दा मुमुक्षुका इच्छा चार प्रकारका हुन्छन ।

(क) तिव्र बुद्धि मुमुक्षा—यो विषयको सग्रहलाई अनर्थको हेतु हो भन्ने बुझि जुन विवेकी पुरुषले सांसारिक विषयलाई चटक्क त्यागी दिएर मोक्षको प्रयत्न गर्छ त्यो तिव्र बुद्धि वाला मुमुक्षा हो ।

(ख) मध्य बुद्धि वाला मुमुक्षा—सांसारिक विषयको दुःख देखेर कहिले त्याग्न मन गर्ने, कहिले सो वाट प्राप्त हुने सुखको लोभले किन त्याग्ने भनी दोधारे जति वनी मोक्षको प्रयत्नमा लागी रहने माध्यमिक स्तरको मुमुक्षा हो ।

(ग) मन्द बुद्धि मुमुक्षा—सांसारिक सुखभोग गर्ने भरखर को अवस्थामा के के हतारो छ र ? अहिले भोग गर्ने समय छ । सांसारिक भोग सके पछि प्रयत्न गरौंला भन्ने मन्द बुद्धि मुमुक्षा हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(घ) अति मन्द बुद्धि मुमुक्षा—बाटामा हिंड्दै गर्दा मणि पाएझैं सांसारिक व्यवहार गर्दा गर्दै मोक्ष पाए म धन्य भई हाले ? भन्ने भावना राखी व्यवहार प्रधान सझी मोक्षको कल्पना गर्ने अतिमन्द मुमुक्षा हो ।

जसको जस्तो मुमुक्षा छ त्यसै अनुसार मुक्ति फल मिल्छ भनि अद्वैताचार्य भगवान श्री शंकराचार्यले तिव्र मुमुक्षु यसै जन्ममा, मध्य मुमुक्षु साधनमा लागी रहे अर्को जन्ममा मन्द मुमुक्षुको अर्को कुनै जन्ममा होला र अति मन्द मुमुक्षुको करोडौं कल्पमा पनि बन्धनबाट छुटकारा मिल्न सक्तैन ।

∴ ब्रह्मको साक्षात्कार चाहने व्यक्ति वा साधकले आफ्नु चरित्रको, सर्व प्रथम निर्माण गर्नु पर्छ । आचार विचारमा शुद्ध पना हुनु पर्छ । विचार एव आचारणमा रज एवं तम गुणको लेस मात्र हुनु हुदैन । भगवत् प्राप्तिको मार्गमा सद्गुण सद् कर्मको पालना हुनु पर्छ । मुमुक्षमा निर्भयता, अन्तस्करणको पवित्रता, ज्ञान योगमा दृढता, उदारता, इन्द्रियको दमन, स्वाध्याय, तप, ध्यान, सरलता, अहिंसा, सत्य, अक्रोध, त्याग, शान्ति, पर निन्दा त्याग, प्राणि मात्रमा सम दृष्टी एवं दया, लोभ हीनता, खराब कर्म त्याग, धैर्य, क्षमा, शुद्धता, द्रोह हिनता एव निर्भिमानता हुनु पर्छ ।

साधकले आपना कर्ममा सतर्कता राख्नु पर्छ । आचरणमा पूर्ण शुद्धता ल्याउनु पर्छ । आधुनिक सर्व सामान्य व्यक्तिमा आहार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोस, अस्वस्वयता, आलस्य, प्रमाड, अश्वद्धा, कुतर्क, अधैर्य, असहिष्णुता, प्रशिद्धिको भावना घृणा द्वेस, निर्दयता, पर निन्दा, वढपन, कुसंग, कर्तव्य प्रति उदासिनता आदि स्वार्थ आचरण पाइन्छ । दोष पूर्ण कार्यले साक्षात्कार देखि धेरै पर पुन्याउछन । ब्रह्म प्राप्ति यी कर्म रहुनु जेल एक जन्म मात्र नभै करोडौं काचका जन्महरूलाई असम्भव छ ।

शास्त्र सम्मत आचरण सत्संग एवं भगवद् प्राप्ति अनुकूल आचरण गर्दै रहे इच्छित भगवानको सगुण उपासनामा अनुभूति हुदै जाने र आखिरमा साक्षात्कार हुन्छ । सगुणो पासना बाट ब्रह्मलोकको चिन्तन गरेमा मरणोपरान्त मोक्ष प्राप्ति गर्न सक्तछ । तर निर्गुणो पासना गरेमा जीवन मुक्त भै मरणो परान्त मोक्ष हुन्छ । भावना दृढ भए पछि आफ्नै स्वरूप वा इच्छाईएको स्वरूप मा भगवान देखिन्छ । दृढ इच्छा वनाउन मानसीक स्फुरण रहित हुनु पर्छ । साधनाको आधारमा दृढ इच्छा स्फुरण रहित, हुने र सो वाट समाधि हुन्छ । समाधिवाट ज्ञान स्फुरण हुनको साथै अनेकौं सिद्धि प्राप्त हुन्छ । भक्ति र साधना सिद्धि भए पछि साक्षात भगवानको दर्शन प्रत्यक्ष पाउन सकिन्छ । प्रत्यक्ष दर्शन नपाउनेले पनि साधनाको स्तर, भक्ति दृढता आदि अलौकिक अनुभूति, एवं सिद्धिको अनुभव गर्न सक्त छ ।

साधना सिद्धि गर्न योग मार्गमा वताइएका नियमहरूको पालना हुनै पर्दछ । भौतिक सुख र पारलौकिक सुख एवं शक्ति एकै पटक हुन सक्तैन । भौतिक सुख भोग इच्छाइएपछि हुने र पारलौकिक सुखको लागि इच्छाइएको त्याग हुनु नितान्त आव-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्यक छ। इच्छा बाट कर्म कर्मबाट भोग, भोगबाट सुख दुखको अनुभूति स्वभावैले हुन्छ। गरेका कर्मको भोग भोगी नसक्ता सोही कर्म भोगको लागी पुन जन्म हुन्छ। यसरी प्रत्येक पुन जन्म कममा आधारित छ। कर्म सुध्रे सम्म वारंवार जन्म मृत्यु अनेकौं योनीमा भई रहन्छ।

आत्माको अनुभूति हुनु, आत्मा परमात्मामा एक रूपता देखिनु व्यक्त रूपमा भगवानको स्वरूप संसार हो भन्ने अनुभूति हुनु, सर्व जीवमा एकत्व, समानता भाव आउनु नै भगवानको अनुभूत हो।

४. उप संहार :—

निर्गुणोपासनाबाट सम्पूर्ण शिक्षा छ, जो साक्षात्कार हुन्छ त्यो आत्माको अनुभूति छाया मात्र हो, आफ्नै स्वरूप देखिएको हो भगवानको सत, चित गुणको मात्र अनुभूति भई अन्य झुट्टा अनुभव हुनु नै साक्षात्कार हो। सत चितको अनुभूतबाट आनन्द हुन्छ त्यो आनन्द सांसारिक आनन्द भन्दा भिन्न र अलौकिक हुदा त्यसलाई सत चिदानन्द स्वरूप भनिन्छ। त्यो स्वरूपमा रहेपछि जीवन भर जीवन मुक्त र मरेपछि मोक्ष प्राप्त हुन्छ, सांसारीक बन्धन सदाका लागी छुट छ।

साक्षात्कारको अन्तिम स्तिथी सत (सत्य), चित, (ज्ञानमय-प्रकाश, जसमा स्टष्टिको शक्तिछ र पूर्णछ) त्यसको अनुभूति मात्र साक्षात्कार हो। त्यसबाट सत चिदानन्द स्वरूप प्राप्त हुन्छ।

बाजरकोट :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मा एवं परमात्मा

१. आत्माको स्वरूप :—

कुनै पनि व्यक्तिलाई फलानो भनि नाम काडेर बोलाइन्छ, त्यो नाममा शक्ति सिमित छ ? कसैलाई तिमी को हौ भनि सोधे मा म फलानु व्यक्ति हुँ सुखी-दुःखी आदि छु भन्दछ । त्यो भन्ने व्यक्ति को हो ? गर्भमा रहदा के नाम थियो, जन्म घडि, रूप चाल चलनको आधारमा निजको के नाम राखियो ? के त्यो व्यक्ति को राखिएको नाममा त्यो सिमित रहन्छ ? कसैका दुई, तीन नाम पनि हुन्छन । एकै व्यक्ति कसैको बाबु, कसैको छोरो, लोग्ने दाजु, भाई अनेकौं नाताको आधारबाट सम्बोधित हुन्छ । एकै व्यक्तिका अनेक रूप भए ।

बालक कालको कोमल सुकुमार व्यक्तिनै युवा वस्थामा जो शिलो खाइ लाग्दो देखिन्छ भने वृद्धा वस्थामा दुब्लो, सेतै फुलेको आँखा न देख्ने, कान न सुन्ने, दाँत नभएको, राल सिंगान मल मूत्रादिको ठेगान न भएको बेहोसी, घिन लाग्दो व्यक्ति हुन्छ । उप-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रोक्त सबै अवस्थाको व्यक्ति भिन्न भिन्न नभई एकै हुन्छ अवस्था मात्र समयानुसार भिन्न हुन्छ। तसर्थ 'म' भन्ने चेतन युक्त व्यक्ति वा पुरुष को हो ? शरीरको हाड, छाला, मासु, बोसो, रौं, अग प्रत्यगमा यो व्यक्ति वा पुरुष काँहा अवस्थित छ ? शरीरको एक स्थानमा मात्र भए त्यो स्थानले मात्र सुख दुःखको अनुभव गर्नु पर्ने र अन्यत्र न हुनु पर्ने थियो। कुनै सुख दुःख शरीर, मन, बुद्धि समेतले एकै चोटी अनुभूति गर्छ छ। शरीरको एक भागमा भए सो भागको नाश हुँदा पुरुषको नाश हुनु पर्ने र सम्पूर्णमा भएपनि एक स्थान नाशिदा नाश हुनु पर्ने ? यसै गरी मन, बुद्धि, प्राण, वायु भएमा ईनमा दोष न हुनु पर्ने, निद्रा वा अचेतन अवस्थामा मन बुद्धिले काम गर्दैन। पुरुष निस्क्रय र अचेतन भएर न बस्ने हुँदा यो शरिरिक, अंग, मन, बुद्धि, प्राण, वायुको रूपमा पुरुष वा आत्मा नभएको स्पष्ट हुन्छ। अतः शरीरमा रहेको 'म' भन्ने पुरुष शुद्ध, बुद्ध, नित्य, चेतन, आनन्द मय 'आत्मा' भयो। यही आत्मा नै जीवात्मा रूपमा रहेको छ। चेतन आदि यसका गुण भएर रहेका छन।

यो आत्मा शरीरमा यसै गरी मालिक रूपमा रहेको छ, जसरी घरमा त्यस घरको मालिक रहन्छ। दूधमा नौनि, घिउ मिलेर रहे सरह शरीरमा आत्मा मिलेर बसेको छ। सर्वत्र अनुभूति चेतन संचार गरी शरीरमा व्याप्त भएर बसेको छ। घरको मालिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस घरमा तब सम्म बस्न छ, जब सम्म त्यो घर बस्न लायक रहन्छ। त्यो घर पुरानो वा बस्न अयोग्य भएवा नया राम्रो अर्को बनाई सर्दछ। कर्वा घुय, भूकम्पले घर पुरानो जीर्ण भए सरह शरीर पनि रोग, बृद्धावस्था आदि कारणबाट अयोग्य हुदा आत्मा रूपी मालिक पनि नया शरीरमा प्रवेश गरी बस्त छ।

गीतामा श्री कृष्ण भगवान भन्नु हुन्छ—

(क) वासांसि जीर्णानि यथा विहाय

नबानि गृह्णति नरो पराणि

तथा शरीराणि विहाय जीर्णा

न्यानी संयाति नवानि देही २।२२

(ख) जातस्य हि ध्रुवो मृत्यु ध्रुवं जन्म मृतस्यच २।२७

जसरी व्यक्तिले पुरानो लुगा छोडेर नया लुगा लगाउछ र लुगा पुरानो हुनु फाटनु आदिमा धारण गर्ने शरीरको अन्त्य हुथैन, त्यसै गरी बुढो पुरानो रोगी शरीर छोड़ेर नया शरीरमा आत्माले वास गर्दा वा सर्दा आत्माको अन्त्य हुदैन र नया उदय पनि हुदैन। आत्मा जे जस्तो छ रहुा रहन्छ केवल शरीर मात्र फेर्छ। फेरी जन्मेको नाशवान शरीरको मृत्य वा नाश निश्चित छ र नाश भए पछि पुनः नया जन्मको हुनु निश्चित छ। मृत्यु आत्मालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाश नहुने गरी भएको भनि भनियको छैन । एक रूपको अन्त्य-लाई मृत्यु र अर्को रूपको उदयलाई जन्म भनि मानिएको छ ।

आत्मा नित्य, शुद्ध, निर्विकार, कहित्यै नजन्मने, नमर्ने, बुढो नहुने सनातन (सदा एक नास रहने) चेतन एवं ज्ञान मय छ । जीवात्मा परमात्मा कोनै शुक्ष्म स्वरूप हो । आत्माको महानता बुझे पछि आत्मा र परमात्माको भेड हटत छ । अज्ञानताले मात्र जीवात्मा र परमात्मामा भेद देखिन्छ ।

शरीरनै बालक, युवक, वृद्ध, रोगी, निरोगी आदि हुन्छ । शरीरलाईनै सुख, दुःखको अनुभव हुन्छ । आत्मा सदा चैतन्य, सत्चित्, आनन्दमय स्वरूपमा रहन्छ । आत्मा भौतिक सुख, दुःख देखि परछ ।

(क) नासते विद्यते भावो नाभावो विद्यते सतः—
उभयो रवि दृष्टोऽन्त स्तनयो स्तत्व दर्शिभि—२।१६

(ख) नजायते मृयत वा कदाचि
न्नायं भूत्वा भविता वा नभूयः
अजोनित्य। शाश्वतोऽय पुराणो
नहृण्यते हृन्यमाने शरीरं—२।२०

(ग) नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावक
नचैनं क्लेद यन्त्यापो न शोषयति मारुतः—२।२३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असत हुदँ हुदैन र सत्को कहिल्यै पनि अभाव न हुने याने नास न हुने हुन्छ। त्यस कारण सत्को जन्म मृत्यु हुदैन र न हुन्छ न नास हुन्छ। यो आत्मा सनातन सत स्वरूप हुदा आत्मा कहिल्यैं केहीवाट पनिं मारिदैन र शरीर मात्र नाश हुन्छ। त्यो शरीर नाश हुदा पञ्च भौतिक तत्वमा मिल्न पुग्दछ। त्यसको पनि पूर्ण नाश हुदैन। आत्मा हतियार शश्त्र अश्त्रले काटी दैन, आगो ले पोलिदैन, हवाले सुक्दैन दुःखले दुःखि र सुखले सुखी हुदैन। यसो हुन्छ भन्नु अज्ञान मात्र हो भनि गीतामा श्री कृष्णले अर्जुन लाई सम्झाउनु भएको छ।

शरीरले जन्म लिन्छ, मर्छ, रोगी, वालक वृद्ध आदि हुन्छ। तर आत्मा सदा एक रूपले रहन्छ। त्यसै कारण आत्मालाई सनातन भनिन्छ। आत्मालाई गीतामा सनातन रूपले चल्ने मानिए को छ।

आत्माको अनन्त शक्ति छ र त्यसलाई सर्व साधारण अवस्थामा देखिदैन। हजारौं लाखौमा १।२ ले मात्र आत्माको अनुभूति गरेका हुन्छन। आत्माको अलौकिक एव अनन्त ज्ञान र शक्ति छदा छदै पनि सो वाट विमुख हुनु पर्ने कारण वताउदै श्री कृष्ण भवगानले गीतामा वताउनु भएको छ—

काम एव क्रोध एष रजोगुण समुद्भवा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाशानो महापाप्मा विद्धेना मित वैरिणम–४।३७

धुमेना ब्रियते वन्हिर्यथा दर्शो मलेन च।

यथोल्वेना व्रतो गर्भस्थता तेने दयाव्रतम—४ ३८

काम क्रोधबाट रजोगुणको अभिबृद्धि भई व्यक्ति विषयमा मोहित हुने र कामबाट अनेकौं पाप एव भोगमा मुछिन्छ। जसरी धुवाले आगो, धुलोले ऐना र शालने गर्भलाई आच्छित गर्दछ, त्यसै गरी कर्मको फलले आत्माको अलौकिक ज्ञानलाई अज्ञानले ढाक्त छ। वादल जस्तो तुच्छले सूर्य र सूर्यको प्रकाश दुबै छोप्न सक्त छ, त्यसै गरी अज्ञान रूपी वादलले स्वय प्रकाववान आत्मा-लाई अज्ञान सरह वनाई ज्ञानको प्रकाश लाई ढाक्त छ। आत्मा को अनन्त शक्तिलाई बुद्धिले अनुभूति गर्न सक्तैन र आत्मा अ-ज्ञानी सरह भई रहन्छ। जीवनमा गरिने कार्यमा सत् प्रतिस्थाए वा रज र तम गुण परित्याग गरेमा आत्मामा स्वत: प्रकाश आउन थाल्दछ। काम, क्रोध, लोभ, मोह रूपी वादललाई हटाई दिएमा आत्ममा अनन्त शक्तिको प्रादुर्भाव भएको व्यक्तिले स्वतः अनुभव गर्दछ र आत्मा स्वत- प्रकाशित हुन्छ।

खरानीको थुप्रोमा छोपिएको आगो वाहिरबाट देखिदैन। खरानी हटाउने बितिकै आगाको तेज प्रकाशित हुन्छ।

श्री कृष्ण भगवानले गीताको उनन्तिस श्लोकमा आत्माको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महानता र अनन्तता बारे व्याख्या गरिएको छ। कोही आश्चर्य साथ हेर्दछन, भन्दछन, सुन्छन, कोही पनि बुझ्दैनन र आत्माको महानतामा छक्क पर्दछन। लाखौंमा १।२ जनाले बुझ्लान। यो अगम महान तत्व बुझ्न बडो गाह्रो छ। व्यक्तिले जाग्रत, स्वप्न र सुषुप्ति ज्ञानको अनुभूति गर्दछ। त्यो आत्माले अनुभव गरेका प्रत्यक्ष अनुभूत हो। यसरी ज्ञानेन्द्रियले अनुभूति न गरेका अवस्थाको समेत अज्ञा बोध रूपमा ज्ञान हुदा ज्ञान चैतन्य जाग्रता रूपमा रहेको छ। यही ज्ञानलाई पंचदशीमा टिकाकार श्री कृष्ण कान्त अधिकारीले आत्मा भनेर देखाउनु भएको छ।

इय मात्मा परानन्द पर प्रेमास्पदं यत:

मा न भूवं हि भूया समिति प्रेमात्मनि क्षते — पं० तत्व प्रकरण ।८।

ज्ञानगे आत्मा हो, यो परमानन्द स्वरूप छ, सुख रूप हुनाले आत्मा पर प्रेमको विषय हो। किन भने 'म नहोउँ' यस्तो कोही चाहदैन (आफ्नो सत्ता सबै चहान्छन) 'म सदा रही रहुं' यस किसिमको प्रेम सदा आत्मामा देखिन्छ। यो नित्य चैतन्य, आनन्द रूप हुनाले उपरोक्त सो ज्ञान आत्मागे हो।

इत्थं सच्चित्परानन्द आत्मा युक्तया तथा विधम्
परं ब्रह्म यपश्चैक्यं श्रुत्यन्ते षूदहिश्यते—पं तत्व ।१०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मा सत् (नित्य) चित् (ज्ञान) परमानन्द रहेछ भने सिद्ध हुन्छ । उपनिषदमा यस्तै किसिमको "सच्चिदानन्द ब्रह्म" भनि ब्रह्मको स्वरूप बताएको छ । यस्तो हुनाले वेदान्तमा आत्माको (आफ्नु) र ब्रह्मको एकता अभेद छ भनी स्पष्ट उपदेश गरीएको छ । यस कारण आत्मा सत् चित् आनन्दमय रही ब्रह्म सरह एक रूपमा रहेकोछ ।

२. आत्मा एवं परमात्माको एक रूपता —

ठूला नदी वा पोखरीमा हवाको जोडबाट छाल चड़दछ । पोखरीमा ढुंगा हानेमा सो ढुंगा खसेका ठाउ देखि एक गोलाकार लहर उठे र किनारा तिर गएको देखेका छौं । समुद्रको छाल र पोखरीको लहर समुन्द्र र पोखरीको पानी देखि भिन्न छैन । छाल र लहर पनि पानी नै हो । हवाको जोडबाट शान्त समुन्द्रमा लहर उठत छ । त्यसै गरो व्यक्तिले गरेका काम ईच्छा (जोड) बाट छाल एवं लहर रूपी शरीर धारण गर्दछ । छाल पोखरीको पानी एक रूप भए सरह आत्मा परमात्माको एक रूपमा रहेको छ ।

आगा मध्ये बाट सानु झिल्का वा फिलिंगा भिन्न गराउदा आगाको मूल तत्व देखि सो झिल्को वा फिलिंगो भिन्न हुदैन । त्यसै गरी महान आत्मा देखि जीवात्मा भिन्न छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक मालामा धेरं दाना वा फूल का थुंगा हुन्छन । मालाको रूप लिने धागो हुःछा । सो धागो हेर्न चाहेमा एक दाना वा फूल र अर्को दाना वा फूलको विचमा हेर्नु पर्द छ । वाहिरो रूपमा दाना अलग अलग देखि एता पनि मालाको स्वरूप निर्माण गर्न एकात्मक रूप लिने यहा धागो छ । त्यसै गरी भिन्न भिन्न जीवको एकात्मक रूपमा आत्मा रूपी धागो सर्व व्यापी छ ।

विभिन्न बुट्टा वा रंग भएको कपड़ामा एक बुट्टा देखि अर्को बुट्टा वा रंग भिन्न रूपको देखिन्छ । तर सार तत्वमा एकै धागो मात्रले सम्पूर्ण कपडा वनेको छ कपडा वाट धागो अलग गरि दिने हो भने कपड़ाको अस्तित्व रह दैन, सबै धागाको थुप्रो बन्द छ । त्यसै गरी जीवको आत्मा बाट परमात्मा अलग गर्दा जीवात्माको अस्तित्व नै रहँदैन ।

यो विराट महान आकाश मुनि असख्य नगर, गांउ, घर र घरका कोठा चोटाहरू छन । ती कोठा, नगर, घर आदि बाट विभर्जित आकाशमा अविछिन्न रूपमा उही विराट आकाश व्याप्त छ । सो गाँउ, घर नगर आदि नष्ट हुदा सो विभाजित आकाशको भिन्न अस्तित्व नरही उही विराट आकाशमा मिल्छ । त्यसै गरी एकै परमात्माको सत्तामा अनन्त कोटी आत्माहरू विराट आकाश मुनि अनन्त कोटी घरकोठा आदि रहे सरह आधारित रहेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन । आत्म को परमात्मा देखि भिन्न अस्तित्व छैन । यस कारण एक व्यक्ति स्वयम परमात्म को स्वरूपले व्याप्त छ । जीवात्माको भिन्न अस्तित्व सम्झनु अज्ञानता मात्र हो । अज्ञानताको नाश हुना साथ जीवात्माको भिन्नता हटी आत्मा र परमात्मा एक स्वरूप हुन्छ ।

विभिन्न भाडोमा पानो राखी एकै चन्द्रमाको छायां हेरेमा जति भाडो उतिनै चन्द्रमा देखिन्छन । तर भाडोमा पानो राखेर छायां हेरेको हुंदा आकाशका एकै चन्द्रमा विभिन्न भाडोमा भिन्ना भिन्नै देखिई धेरै चन्द्रमा भएको देखिएको हो भन्ने वास्तविक ज्ञान हुदा आकाशमा धेरै चन्द्रमा भएको अज्ञान नाशभै धेरै चन्द्रमा अस्तित्व हराएझैं विभिन्न आत्मामा एकै परमात्माको ज्ञान हुना साथ आत्मा एव परमात्माको भिन्नता हराउछ ।

यस कारण आत्माने परमात्माको अश हो र आत्मा एव परमात्मामा कुनै भिन्नता छैन ।

जाजरकोट

—: (o) :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवद् भक्तिमा मूर्तिपूजा

भगवद भक्ति गर्दा पाठ, पूजा, होम यम, ध्यान, जप, तप चिन्तन, मनन अनेकों विधिहरु अपनाइने गरेका छन । सबै विधिमः परब्रह्म परमेश्वरको विभिन्न रुप, गुणको आधारमा कल्पित भगवानलाई आफ्ना कामना र गुणको आधारमा यथोक्त तरिका अनुसार अनुष्ठान गरिने प्रचलन चली आएकोछ । ज जस्तो रूपको कल्पना गरी पूजा आदि गरे पनि सो आराधना मेरै गरेको हो र त्यस पूजाको अर्पण मलाईनै हुन्छ र जुन रूपले भए पनि त्यसको फलदाता मगै हुं भनि श्री कृष्ण भगवानले गीतामा भन्नु भएको छ ।–

अह हि सर्व यज्ञानां भोक्ता च प्रभुरेवच ।

नतु माम भिजा नन्ति तत्वेना तश्च्य वन्तिते—६।२४

सनातन हिन्दू धर्मको आदि मूल ग्रन्थ वेदलाई मानिन्छ । वेदलाई अनन्त ज्ञान राशीको भण्डार मानिन्छ । वेद अनुसार अनन्त गुण सम्पन्न अद्वैत, निर्गुण, निराकार भगवानलाई मानि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एको छ । वैदिक दर्शनका अनेकौं दार्शनिक एवं व्याख्याकार भए । सामान्य मतभेद व्याख्याकारले देखाएको भएता पनि मौलिकतत्वमा केही भिन्नता पाईदैन । मुख्य वैदिक दार्शनिक, व्याख्याकार एव प्रचारकमा आदि शंकराचार्य एवं रामानुजलाई मानिन्छ ।

जुनसुकै युग समयमा पनि धर्ममा आस्था राख्ने र नराख्ने दुवै थरि भएको पाईन्छ । कुनै समयमा आस्तिक वढ भए नास्तिक कम, नास्तिक कम हुंदा आस्तिक कम भएका छन । लोकाचार अनुसार परंम परागत चल्दै आउने हुदा हिन्दू धर्मलाई सनातन धर्म भनिन्छ । हिन्दू धर्म ज्यादै उदार एव बिशाल हुंदा यसका अनेकौं शाखा एवं उपशाखाहरू भएर यीनलाई हिन्दूधर्मकै मित्र मानिएको छ । जाति, कुल, परमपरा, चलन अनुसार आफ्नो रितो रिवाजले पूजाहुन थाल्यो र एक अर्कौ स्थान, जात, वर्गको आधारमा सनातन हिन्दू धर्म मान्दा मान्दै पनि आपसमा विभेदहरू देखिन थाले ।

वैदिक युगलाई सत्य युग मानिएको छ । त्यस समयमा जन्मको अनुकूल जात नभई कर्मानुसार जात मानिन्थ्यो । त्यो समय भन्दा पहिले सायद एकै जात थिएहोलान । पछि समयानुकूल एवं लोकाचार अनुसार वैदिक समय मानै जात वाडियो । खास गरी ब्राह्मण ब्रह्मवेत्ता तत्वदर्शी हुन्थे । यो समयमा खाश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूर्ति पूजाको प्रचलन थिएन। अद्वैत भाव मान्दा मान्दै त्यस अद्वैत भित्र ब्रह्म, विष्णु, महेश, सूर्य, वरुण, अग्नि, हिमालय, भूत प्रेत अनेकौं देव, देवीको परिकल्पना गरी ईश्वरमानेर आराधना गरेको पाईन्छ। यो अराधना शक्ति एव सत्यको आड मा मानिएको छ। यस समयमा रुपको विभिन्नता उल्लेख छैन तापनि ब्रह्मका अनेकौं अलौकिक गुणहरु मानी ब्रह्मका बिभूतिको स्वीकार गरेको छ।

वैदिक युग पछि पौराणिक युग आयो। पौराणिक युगमा वैदिक युग भन्दा वढी जन सख्या भएको वैदिक धर्म प्रति आस्था घटेको अनुमान हुन्छ। पौराणिक सभ्यताका व्यक्तिको आचार निष्ठामा उदासिनताको साथै तत्वज्ञानमा उदासिनता अवश्य वढेको थियो। शाशक वर्गमा अहम भावना जागृत भई आफूलाई वढि मर्यादा पार्न खोजेको दरवारमा रहेका विद्वान मण्डली वाट आफ्नो प्रशशा गराउने प्रवृतिवाट अनुमान गर्न सकिन्छ त्यसैले वैदिक युगको अन्त्य र पौराणिक युगको सुरु वा मध्य देखि धार्मिक नियम वनाइन थालिए। सो नियम नमान्दा राजदण्ड देव दण्ड हुने, शास्त्रानुकूल आचरण गर्दा धर्म र प्रतिकूल व्यवहार गर्दा पाप लाग्ने भन्ने शाश्त्रीय नियम वन्न थाले। धर्म भोगको लागि स्वर्ग र पापभोगको लागि नर्कको उल्लेख गरियो। यसवाट समाजमा शास्त्रानुकूल चलन छोडेको र, उच्च वा वैदिक शिक्षाका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रचार वा ज्ञान कम भएको अनुमान हुन्छ । समाजका वुद्धपाका वैदिक वा तत्व वेत्ताले सो नियम साधारणिक, परम्परा अनुसार चलेको मर्यादालाई कायम राख्न वनेको हुनु पर्दछ ।

सो भन्दा अघिका युगमा पछिका प्रचारकहरूले लेखेका श्रुति, स्मृति, विधि विधान बाट समाज चल्यो । यसै क्रममा भारत वर्षमा अनेकौं विदेशी लुटेर, व्यापारी, विदेशी शाशकको प्रवेशको साथै विधर्मी शाशक हुंदा हिन्दू, सनातनी धार्मिक ग्रन्थ, एव स्थलहरू नष्ट गरियो । धार्मिक व्यक्ति माथि पिर विराउ हुन थालेको हुंदा भौतिक जीवनमा तात्कालिक वृद्धि सुख देखिदा धर्ममा क्षिण हुदै गयो ।

पौराणिक युग देखि नै धार्मिक भावना कम भई समाजमा पूज्य गुरूकूलका सन्तान अपढ र गृहस्थी भई लोभ लालचा वढेको हुंदा कर्म काण्ड वा ब्राह्मण धर्मको प्रचार भयो । ब्राह्मण धर्मको प्राचारमा कतिपय शास्त्रिय दोष वा इच्छानुकूल व्याख्या भई धर्म एव शास्त्रको व्याख्यामा विभिन्न मत मतान्तर भएको छ । वहु संख्यक समाज अनपढ हुदा समाजमा अन्ध भक्ति वढ्दै हुन थाल्यो । ब्राह्मणहरूमा यजमानी गर्ने प्रवृती वढे र गयो । पुरोहित पुरेत भनिन थाले । पुरेत ब्राह्मण मात्र हुने हुंदा पुरेत बाजेमा परिणत भए । यसरी ब्राह्मण र यजमान दुवै तत्व ज्ञान देखि विमूख भएको स्पष्ट हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आध्यात्म ज्ञान एवं तत्व ज्ञानको प्रभावले गर्दा समाजमा ईश्वर प्रति विश्वास जागृत गर्न गराउन गुण एवं शक्तिको आधारले रूपको कल्पना गरी ईश्वरको प्रतिमा स्वरूप मुर्तिको स्थापना गरिन थालियो । शाशक वर्गका शालिक, प्रतिमा बन्न थाले । जन्मोत्सव, जन्म जयन्त मानइन थालियो । कतिपय शाशकहरू अलौकिक ज्ञान एवं गुण वाला भएकोले उनीहरूको सो ज्ञान र गुणलाई मान्दा डर, कर, श्रद्धा भक्ति कुनै एकको आधार बाट भए पनि उनीहरूको पूजा, आदर, सत्कार श्रद्धा गर्दा पछि पछि ती व्यक्तिहरू भगवान का अवतार का रूपमा मानिन थालिए ।

मूर्ति पूजाको सुरुवात हुंदा प्रतिभाको रूपमा अलौकिक गुणवान व्यक्तिको आदर, भक्ति श्रद्धा आदि दर्शाउनको साथै आराध्य को गुणलाई माने र पूजा गरेको हनु पर्छ । पूजामा अन्य कारण नभई उपोरक्त कारणको साथै अन्न ज्ञानमा निराकार भगवानको साक्षात्कार सजिलै संग हुन नसक्ने हुदा अल्पज्ञान वालालाई डर देखाउन, श्रद्धा जगाउनेको लागी मूर्ति पूजिन थालियो ।

अन्य उपासकको अलावा भक्ति योगमा लागेका व्यक्तिका निर्मित्त बढी उपयोगी हुन आउंछ । गीताको दशौं अध्यायमा श्रीकृष्णले भगवानका विभूतिको वर्णन गर्नु भएको छ । सो वर्णन मा स्थावर, जंगमको साथै सम्पूर्ण गुणीको गुण, ज्ञानीको ज्ञान,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कठोरको कठोरता, आदि अलौकिक सार एवं सत वस्तुमा भगवान रहनुको साथै कुनै पनि वस्तु भगवानका शक्ति रूप र गुण भन्दा बाहिर न रहेको वर्णन गर्नु भएको छ। एघारौं अध्यायमा अर्जुनले भगवानको विराट रूपको दर्शन पाउनु भएको छ। त्यस विराट रूपमा सम्पूर्ण स्टष्टि चराचर अर्जुनले देख्नु भयो। त्यस कारण भगवानको विभूति अनुसारका रूप र रूप अनुसारका गुण भएको सत्य प्रमाणित हुन्छ। आफ्ना कामना अनुसारको गुण धारी भगवानको पूजागरी फल प्राप्त गार्ने इच्छा हुदा अनेकों रूपको श्रृजना भयो र पुजा गर्ने परपरा बस्यो।

ब्राह्मण धर्मका बढी अन्ध विश्वासता बढ्दै गएको हुँदा इसाको छंटौं इस्वी पूर्वको युग धार्मिक कान्तिको युग हुन गयो। सम्पूर्ण संसारमा महावीर, गौतम बुद्ध, इसामसी आदि अनेकौं धर्म प्रर्वतकहरुले आ-आफ्ना देशभा धर्मको प्रचार गरे। वैदिक धर्मको क्षीण भएको अवस्थामा जगदगुरु शंकराचार्यले अन्य धर्मको खण्ड न गरी पुनः वैदिक धर्मको प्रचार गर्नु भयो। हिन्दू धर्ममा एकमता ल्याउन पञ्चायन (सूर्य, भगवती, विष्णु गणेश र शिव) पांच देवताको पूजागरी दैव देवीया विभक्त समाजलाई एक भगवान पर ब्रह्मप्रमेश्वर भन्ने भावना जागृत गराउनु भयो।

हिन्दूधर्म शास्त्रानुसार ईश्वर पूजा गरेमा द्वैतमा अद्वैत, सगुणमा निर्गुण, साकारमा निराकार आदि एक अर्कामा व्याप्त भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र आफ्नो आराध्य भगवान प्रत्येक गुण एवं रूपमा भक्तले पाउने वर्णन गरीएको हुंदा भक्ति, ज्ञानको आधारमा भगवत भजन हुने बताईन्छ। एक देवको मूर्ति र अर्को देवीको मूर्ति भक्तहरूको आफ्नो इच्छा अनुसार आराध्य मानिएका मात्र हुन, भगवत भक्तिको आधारमा कुनै भिन्न छैनन। एकै शरीरमा विभिन्न अङ्ग-लाई भिन्न रूप माने सरह परब्रह्म परमेस्वरी देखि पर कोही न हुदा सम्पूर्ण देव देवी एकै भगवानका अङ्ग हुन। अज्ञानले मात्र भगवानमा भिन्नता देखिन्छ। द्वैत रहन्जेल सम्म भगवान चिनिदैन।

भक्तिको भाव विश्वास अनुरूप फल प्राप्त हुन्छ। जसरी खान इच्छा गरेको बालक खान पाइने पूर्ण इच्छामा रून्छ, यहां भए पनि दौडेर आएर आमा दुध खुवाउछिन, द्रौपदीले पूर्ण विश्वास साथ भगवान सम्झदा कौरवको भारी सभामा द्रौपदीको लाज रह्यो, गजेन्द्रले भक्तिका साथ भगवान पुकारी ग्रस्तबाट मुक्त भयो, त्यसै गरी निःस्वार्थ, विश्वास साथ भक्तिले भगवान पुकारे-मा निश्चयनै ईश्वर प्राप्ति हुन्छ। जति तौल गर्नु छ त्यति तौल अनुसारको ढक तराजुमा राख्नु पर्दछ। भगवानबाट भक्ति प्राप्त गर्न वा भगवान प्राप्त गर्न भगवद भक्तिको तराजुमा नियम पालन गरी भक्तिरूपी ढक हालेमा अवश्य एक दिन फल प्राप्ति हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवानका भक्त अर्थार्थी, कामार्थी, ज्ञानार्थी र मोक्षार्थी मध्ये मध्यमतिव्र,मध्यम,मन्द,अतिमन्द बुद्धिको आधारबाट व्यक्ति आफ्नो क्षमतानुसार भक्ति गर्दछ र भक्ति गरे सरह फल पाउँछ । स्वार्थवश गरेको अर्थवाट रूपवती, धन, जुवा मार्नो आदिमा कल आदिवाट भगवानका अलौकिक शक्तिको माष हुन सक्तैन । सोको उपलब्ध नभएमा भगवानका अस्तित्वमा शंका गर्ने भक्तले भगवानको अलौकिक गुणको अनुभूति प्राप्त गर्न सक्तैन कर्म अनुसार मात्र फल प्राप्त हुन्छ ।

सदाका वाल शखा अर्जुनले भगवानको अलौकिक शक्ति वा गुण श्री कृष्णको विराट स्वरूपको दर्शन पछि मात्र थाहा पाए । आधुनिक युगमा पनि भगवानको अलौकिक गुण, रूप, चिन्ने भक्त होलान, तर सनातन धर्म गुह्य हुदा आफ्नो फल प्राप्ति प्रदर्शन गर्न त्यो विधान आत्ममा कुनै चाख नहुने र योग साधनामा बाधा पर्ने हुदा योगी सिद्धहरू आफ्नो सिद्धि गुप्त राख्तछन । त्यस कारण आफ्नो प्रयत्न र भक्ति नहुदा प्रत्यक्ष दर्शन सर्व साधारणले पाउनु सक्तैनन ।

अतः परब्रह्म परमेश्वर देखि वाहिर ब्रह्माण्ड सृष्टि नहुदा मुर्ति भगवानको स्वरूप एवं शक्ति देखि भिन्न एवं वाहिर छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानमा सम्पुर्णमा भगवान अवस्थित रहेको र भगवानमा सम्पूर्ण व्याप्त रहेको र अज्ञानमा विभेद शक्ति हिन छ। यथा शक्ति यथा भक्ति पूजा भजन गर्नु एक मात्र भगवद मार्ग हो । भगवानको विराट स्वरूप ब्रह्माण्ड र गुण अनुसारको सुक्ष्म स्वरूप मूर्ति हुदा भगवान र मूर्तिमा अभेद छ। मूर्ति पूजा साकार रूपमा छ अज्ञान मा द्वैत हुन्छ सार तत्व बुझ्दा निराकार निर्गुण अद्वैत हुन । अतः मूर्ति पूजाबाट बुझ्दा बाधा छैन र मूर्ति भगवानको स्वरूप भिन्न छैन ।

बाजरकोट

—: (o) :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आध्यात्मवाद एवं भौतिकवाद

अध्यात्म वाद र भौतिक वाद मध्ये कुन जन-उपयोगी छ भन्ने बारेमा बराबर चर्चा भए मत मतान्तर भएको सुनिन्छ। यी दुईमतमा मतभेद तब देखि भएको हुनुपर्छ जब देखि ईश्वर वादको प्रादुर्भाव भयो। एक वादको प्रादुर्भाव भए पछि, त्यसको समर्थन र बिरोध हुनु स्वभाविकै हो। सायद यो विवाद अनादि काल देखि चलेर आएको छ भने अनन्त काल सम्म पनि चलि रहला भन्ने अनुमान गर्न सकिन्छ। ईश्वर वाद भित्रै ठूला ठूला आपसी मतभेद छन भने सो बाहेक भिन्न वादले आफ्नो बिरोध देखाउनु स्वभाविकै हो। कुनै पनि युग र कालमा यस विवादको अन्त्य थियो भन्न सकिंदैन।

पर ब्रह्मपरमेश्वर यस जगत वा ब्रह्माण्ड का सृष्टि, पालन र संहार कर्ता अध्यात्म वादमा मानिन्छ। पर ब्रह्म देखि पर केही र कोही छैन। सृष्टिको कारण ईश्वर हुन। सत, चित र आनन्द रुपमा ईश्वर छन। ईश्वरको स्थुल रुपमा यो ब्रह्माण्ड र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विराट रूप छ भने सुक्ष्म स्वरूपमा जीव वा परमानु छ । स्टष्टि वा ईश्वर व्याप्त हुंदा सृष्टिको प्रत्येक अंगमा ईश्वर अवस्थित छ भने र गीताको दशौं एवं एघारौं अध्यायमा प्रमाणित गरिएको छ । परमेश्वरको विना अनुकम्पाले केही हुने सक्तैन । अध्यात्म ज्ञान बाट नै जीवनमा पूर्ण शान्ति प्राप्त हुन्छ, किन भने भौतिक साधन बाट पूर्ण देखिएता पनि सो व्यक्ति सुखी हुदैन र अनेकौं चिन्ता, लोभ, लालच झन वढेर आई रहेको हुन्छ । अतः भौतिक वाद पहिलेत आध्यात्म वाद भन्दा वाहिर छैन । दोस्रो भौतिक इच्छा वा साधनले मात्र मानिस सुखी रहदैन भन्ने अध्यात्म दाव को तर्क छ । परब्रह्म सत् चित आनन्द रूपमा छ । ब्रह्ममा विकार पैदा हुदा ब्रह्मवाट मायाको उत्पत्ति भयो । ब्रह्म चेतन रूप छ र माया विकार हुदा स्वतः जड स्वरूप माछ । त्यसै वाट क्रमश ब्रह्मको इच्छाले सृष्टि हुन्छ । इच्छा रहितको अवस्थामा सृष्टि को नाश हुन्छ । माया देखि सृष्टिको क्रम सुरु हुने हुँदा भौतिक वाद को सुरु मायाको उत्पति वा आदि देखि मान्नु पर्छ । यसको भिन्न अस्तित्व छैन । कारण स्वरूपमा ईश्वरलाई छोड्दा भौतिक वाद भयो भन्ने तर्क उपरोक्त मायावाट खण्डित हुन्छ ।

शरीरका इन्द्रिय जन्य पदार्थलाई भौतिक पदार्थ भनिन्छ । भौतिकवस्तुको इद्रिय द्वारा अनुभव गरिन्छ । सृष्टि चराचरमा व्रति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वस्तु छन सबै भौतिक वस्तु मानिन्छन । भौतिक वादमा स्वभाविक गुण र प्राकृतिक कारण बाट सृष्टिको विकास भयो भन्ने सिद्धान्तलाई आधार भूत सिद्धान्त मानिन्छ । दुधबाट दही बन्छ यो प्राकृतिक कारण हो । जुन वस्तुमा जेछ, त्यही बन्छ । नभएको वस्तु बन्दैन । किन भने लुप्त अवस्था प्रकट हुने मात्र हो । दुध बाट ढुगा बन्दैन काठ बन्दैन । बन्ने वस्तु दही घिउ बन्छ । त्यसैले दुधमा दही घिउ लुप्त अवस्थामा थियो कारणबाट प्रकट हुदा दही, घिउ बने र भित्कीयो । माटामा घड़ा लुप्त अवस्थामा छ । घड़ा माटाको मुर्त स्वरूप मात्र हो ।

सेल (Cell) बाट विकशित रूपमा मान व जीव मानिएको छ । सांख्य दर्शनमा प्रकृति र पुरूष बाट सृष्टि भएको मानिन्छ प्रकृति जड र पुरूष चेतन छ । एक्लो जड़ प्रकृतीले विकास गर्न सक्तैन । चेतन पुरुष बाट सृष्टि हुन्छ । जड प्रकृति र चेतन पुरूष दुबैको सहयोग बाट स्टष्टि हुन्छ भन्ने मानिएकोछ ।

बौद्ध दर्शनमा पुनर्जन्मलाई मानिएको छ । जन्म, मृतु, रोग सबै जीवको वासनाको कारणबाट हुन्छ भने र यो गौतम बुद्धले भन्नु भएको छ । वासनाको अन्त्य भएमा जीवको पुनर्जन्म हुदैन भन्नु भएको छ । ईश्वर, स्वर्ग, नर्क, सृष्टि तथा प्रलय आदिमा जवाफ दिएको छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जैन धर्ममा पनि पुनर्जन्मको कारण वासना नै मानिएको छ। वासनाले नै संसारीक भोगको लागी वारंवार जन्म गराउछ यी दर्शनहरू ईश्वर वाद माथि विश्वास गर्दैनन ।

यसरी विज्ञान माथि विश्वासको साथै प्रत्यक्षलाई मात्र प्रमाण मान्द छन, ता पनि पुनर्जन्म वौद्ध जैन धर्मले मानेको छ। प्रत्यक्ष न भएता पनि वासनाको कारण वाट जन्म मान्दा यहा वैज्ञानिकता बाट केही पर गई जीव बन्धन युक्त मानिएको छ। अन्य कति पय नास्तिक दर्शनले पुनर्जन्म मान्दैन संसारको जन्म मृत्यु, विकाश आदि प्रकृतिको कारण मान्द छन। यो मत मान्ने मुख्य चार वाक छ। चार वाक दर्शनले 'भस्मि भूतस्य देहस्य पुनरा गमन कुत'' भनेर पुनर्जन्म सम्बन्धमा मत व्यक्त गरेकोछ ।

वेद ईश्वर, नमान्ने दर्शनलाई नास्तिक दर्शन मानिन्छ। बोद्ध एवं जैन धर्मले पुनर्जन्म माने र आफ्नो भिन्न मत एवं दर्शनको प्रति पादन गरेको छ। खास गरी नेपालमा वोद्ध धर्म र हिन्दू धर्म छुटयाउन वडो गाह्रो परेको छ। हिन्दूहरु वौद्ध मठमा र वोद्धहरु हिन्दू मन्दिरमा गई दर्शन पाठपूजा गर्दछन। बोद्ध धर्मका प्रवर्तक गौतम बुद्धलाई हिन्दूधर्मको दशौं अवतार माने र हिन्दू धर्मको निकट ल्याईएको छ।

सांख्य दर्शनको पुरुष चेतनमय सृष्टि शक्ति सम्पन्न मानेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन्छ । सृष्टिको कर्ता अव्यक्तरूपको चेतन पुरुष हुंदा वेदान्तको ब्रह्ममा कति फरक छ । छुटयाउने गाह्रो छ । एकलो पुरुषले विना प्रकृति सृष्टि गर्न नसकने मानिएको छ । वेदान्तको ब्रह्ममा विकार रूपले वासना पैदा हुँदा मायाको सृष्टि हुन्छ र ब्रह्ममाया वेष्ठित भएर ब्रह्माण्डको सृष्टि गर्दछ । यहाँ वेद र ईश्वरको अस्तित्वलाई छोडेर सांख्यको प्रकृति र पुरुष, वेदान्तको माया र ब्रह्ममा सामान्य ज्ञानवाट भेद छुटयाउन सकिदैन । एकै गुण र शक्तिका पुरुष वा ब्रह्म र प्रकृति र माया जन्यतत्व देखिन्छन ।

उपरोक्त मतमतान्तर गौण्य विषयमा धेरै देखिएता पनि चार वाक दर्शन देखि वाहेक अन्य कतिपय दर्शनको मुख्य वस्तुमा वढी विभेद देखिदैन ।

आधुनिक विज्ञानवादको युगमा भौतिक साधन विना जीव सुखी समृद्धि हुन सक्तैन । सम्पूर्ण जगत विज्ञानमय छ र विना विज्ञानको उपयोगले मानव कल्याण हुदैन । भोग वस्तुको उपभोग नगरे वस्तुको सार नरहनुको साथै भोक्ता अतृप्त हुन्छ । अतः भोक्ता, भोज्य र भोग सबै भोक्ताको लागी वने वनाएका हुन भन्ने भौतिकवादीको तर्क छ । ईश्वरीय शक्तिलाई नमान्ने मध्ये विभिन्न मतभेद हुंदा हुंदै पूर्ण भौतिक एवं विज्ञानवादीको उपरोक्त मत भएको देखिन्छ । भोगको लागी भोज्य वस्तु वनेको छ ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि सबै भोग्य वस्तु एकै भोक्ताले भोग्नु उचित एवं व्यवहारिक देखिदैन ।

सम्पूर्ण सृष्टिका चिजहरू सत्व, रज, तम गुण प्रधान मानिएका छन । वस्तुका स्वाभाविक गुणबाट चरित्र बन्ने हुदा चरित्र निर्माणको लागी भोग्य वस्तु उपयुक्त छ छैन भन्ने छुटयाउनु पर्छ । परिवारका सम्पूर्ण सदस्यले उचितानुचितको ख्याल नराखी व्यवहार गरेमा कुनै समाज, धर्म संस्कृति रही जातिको सुखी समृद्धि हुन सक्तैन । परिवारनै सायद बन्न नसक्ला । आफ्ना जातिवा वर्ग विशेषका नियम आचार सवत्र सबै जात वर्गले पालन गरेको पाइन्छ । समाजका अग्रगण्यले भावि समाजको निर्माणको लागी बनाई दिएका बन्देजनै नियम, आचार, व्यवहारमा पालन गरिदै आइएको छ ।

युग अनुसारको समाज बनेको र त्यसै अनुसार मिल्दो जुल्दो आचार व्यवहार चल्दै आएको देखिन्छ । सबै युगको आचार व्यवहार एकै छैन । समाज कल्याणको लागी देशकाल परिस्थिती अनुसार बदलीएको छ । कुनै पनि काल परिस्थितीमा नबदलीने सबै समयमा दोष युक्त देखिएको आचार सर्वथा वर्जित मान्नु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी मतमतान्तर समयानुकूल हुदै आएको छ ता पनि भौतिकवाद र आध्यात्म वादमा विचारको फरक निकै भएको मानिन्छ। सायद यो फरक हाम्रा समाज, कुल, जाति, धर्म देश, परिस्थिति अनुसार ज्ञन वढेर आएको हुन सक्छ।

वैदिक समयमा सोमरस पान गर्नै ऋषि मुनिहरू थिए। ती व्यक्ति सोम रस पान नगर्नेवाट घृणित थिएनन। । सोम रसको पान गर्दा गर्दै संयमी, व्रह्मज्ञानी भएका पनि थिए। वस्तुको गुणले वढी सेवनवाट जिन्नो स्वभाविकै हो। सायद पछि सोमरसपान वाट उन्मत्त पना व्यभिचार कूलाचारको उलंघन हुदा सोमरस पान गर्नै वर्जित गरेर आचार शास्त्र वनेको होलान।

वैदिक युगको समाज उदार, विद्वत, तत्वज्ञानी थियो। पौराणिक समय सम्मको समाज ज्ञान विज्ञानको ज्ञाता भएको पाइन्छ। त्रिकालज्ञ हुनु व्रह्म वेत्ता हुनुवाट ज्ञान नभएको भन्न सकिदैन। लडाईमा प्रयोग हुने अग्न्यास्त्र वरुणाश्त्र शब्द भेदी अस्त्र हरूको वर्णनको साथै प्रयोग गरेको प्रमाण पाईन्छ। यो अस्त्र हरू सरह आधुनिक युगका अस्त्र अणुवम, रकेट आदि छन भने विज्ञानको गर्भमा वारुणास्त्र, शब्दभेदी जस्ता अन्य अनेकौं पौराणिक समयमा प्रयोग गरिएका हतियार आविष्कार हुन अझै वाकिनै होलान भनि अनुमान गर्न सकिन्छ। यसैगरी अन्य वि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षयमा पनि प्रसस्थ विकास भएको पौराणिक धर्मशास्त्रका कथा॰ वाट अनुमान गर्न सकिन्छ। दैविक, प्राकृतिक घटनाहरूको साथै लडाई आदिको कारणबाट कतिपय धार्मिक ग्रन्थ नासिएको स्पष्टैछ। सो ग्रन्थको नाशबाट सो समयको सामाजिक उन्नति एव विकाशको इतिहास अवश्य छुपेको होला तापनि पौराणिक समयको उन्नति र विकाशमा अझै पुगेका छौं भन्न सकिदैन। कतिपय कथा एव वर्णनमा अतिशयोक्ती होला तापनि आधुनिक समाजभन्दा विज्ञानमा कम ज्ञाता कम उन्नतीशील समाज थियो होला भन्न सकिदैन।

कालको परिवर्तनले वा वैदेशिक आक्रमण, घरेलु लडाई आदि बाट समाजको जे जस्तो रूपमा ह्रास एक पटक समाज शिक्षामा कमि भयो। सोवेला समाज सञ्चालन गर्ने व्यक्ति ज्ञाताले शास्त्रहरूको रचना गरे। अज्ञान वस सो शास्त्रको भाषा एवं कथनलाई धार्मिक परपरा मानी र मात्र पालन गर्दै थालियो। सो धार्मिक परंपरामा केही अन्य व्यवहारिकता होला तर वढी समाज कल्याण लोकहित, स्वास्थ्योपकारी, परोपकारक, कुल, जाति, समाज, को मर्यादा राख्ने उदेश्यले नियम वनाएको देखिन्छन। जस्तै उपवास वस्ने गर्दा शारीरिक स्वास्थ्यता हितमा ज्यादै फायदा हुने स्पष्टै छ। दान लिने दिने प्रचलनबाट धनीले गरीब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई जुन सुकै रूपमा होस परोपकार नै गरेको मान्नु पर्छ । छुवा छुत सामान्य तया शुद्ध पवित्रताको भावनावाट पालन गरिएको हो । यसरी धार्मिक व्यवहारवाट व्यक्ति, समाज, देश कसैको अहित हुने देखिदैन । सो व्यबहारको कारणवाट समाजमा प्रचलन हुन आयो र सो मान्नु पर्ने खास वैज्ञानिक कारण के छ भनि वरू अनुसन्धान गरे वैज्ञानिक तथ्यता पाइएला । थेर थोर जेहोस प्रत्येकको आचार विचारमा वैज्ञानिक तथ्यता पाईन्छ ।

अहिसा, सत्य, ब्रह्मचर्य. अपरिग्रह, अस्तेय, शुद्ध, पवित्रता आदि निएयमा वैज्ञानिकता छैन भन्न सकिदैन उपरोक्त एकै सत्यको मात्र पालन गरेमा जननेता वन्न वढी सहायक हुनको साथै देश, समाजको कल्याण गर्ने, व्यक्ति गनिन्छ भन्ने सबै नियम पालन गर्दा समाज, देशलाई पालन गर्ने व्यक्तिलाइ हित मात्र हुन्छ अहित छैन । मिठो मात्र खाने साजिलो मात्र गर्ने अपठ्यारोलाई दोष देखाउने र आफ्नो दषलाई लुकाउने प्रवृत्ति राखेमा उपरोक्त नियम अनाश्यक, अन्धविश्वासी अवश्य छन । विश्वका कुनै नेतालाई हेरेमा उपरोक्त नियमको आफ्नो आचरणमा वढो से वढी पालन र प्रयोग गरेको पाउछौं ।

गीताको दशौं अध्यायमा विभूतिको वर्णन गर्दा सम्पूर्ण सृष्टि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवानको रूपमय वताईएको छ। जीवका आचार विचार समेत भगवानका व्यवहारिक गुण भिन्न वताइएको छ। ज्ञान, विज्ञान जल, थल, नभ सम्पूर्ण चराचर जीव सहित सम्पूर्ण वस्तुको स्वाभाविक वा अलौकिक गुण भगवानकोनै विभूति मानिएको छ सो विभूति अनुसारको रूप प्रत्यक्ष अर्जुनले श्री कृष्णको विराट रूप दर्शन गर्दा देखेको वर्णन गीताको एकादश अध्यायमा वर्णन गरिएको छ।

उपरोक्त कारण एव प्रमाणवाट अध्यात्मवाद देखि भिन्न भौतिकवादको अस्तित्व नरहेको देखिन्छ। सम्पूर्ण भौतिक तत्व आध्यात्म तत्व भित्रनै भए रहेको र भौतिक एवं आध्यात्मिक वस्तु संसारीक ज्ञान देखि पर विज्ञानमय भएको प्रष्ट हुन्छ। अज्ञानवाट विभेदमा भेद देखिदैमा वास्तनिक भेद देखिदैन। वास्तविक भेद देखिदैन। सृष्टिमा समेत भौतिकवाद एवं सिद्धान्त लाई आध्यात्मवादले अपाले र आध्यात्ममय भौतिक तत्व एवं बिकाश वताएको छ।

विज्ञान युक्त आध्यात्म आचार नियम भएको हुंदा र सुक्ष्मा लोकहित एवं लोक कल्याणको लागि सम्पूर्ण नियम वनेकोले यो नियमको पालन र प्रयोग बुझेर जुनसुकै रूप वा मतवाट गरे पनि हुने देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सद व्यवहार एवं सतकर्म गर्दा विभेद छैन । वास्तवमा एक सृष्टिको दुई कर्ता नहुने हुंदा दुई मानेमा पुन त्यसको कर्ता प्रकों हुन्छ । वास्तवमा भौतिक एवं आध्यात्मिक दुईमा छुट्टै अस्तित्व न भएकोले सदकर्म मात्रै धर्म र असत कर्ममा अधर्म छ भौतिक देखि भिन्न आध्यात्म र अध्यात्म देखि भिन्न भौतिक वाद छैन । व्यक्तमा भौतिक तत्व र अव्यक्तमा अध्यात्म तत्वछ ।

अतः सत्यलोक कल्याण परोपकार देशहितलाई ध्यानमा राखी गरेको कर्म र भोगेको भोग सदव्यवहार भित्र आउछ । योग्य व्यक्तिको माध्यमबाट भए गरेको भौतिक उन्नतीले सृष्टि सक्षम, सुन्दर बन्दछ र अनुचित प्रयोगले नष्ट हुन्छ । यसैमा विधिको नियम र ब्रह्मको मायामा सृष्टि स्थिति, प्रलय आधारित छ ।

—बाजरकोट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकिविद्या

प्रत्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेद
परब्रह्म
१
६

मुद्रक :–हिमाली छापाखाना, जनकपुरधा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu